Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१५ , अंक- २३, २०७९ साल पुस १९ गते मंगलबार (Jan 3, 2023) www.janaakash.com.np

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# निराश भएका नागरिकलाई त्राण भर्ला त यो सरकारले ?

- मोहन कार्की

काठमाडौं । नेपालमा भरखरै नयाँ सरकार गठन भएको छ । नेपालीहरु हरेक क्षेत्रमा देखिएका विकृतिको कारण निरास र मलिन अनुहार लियर हिड्न,



बस्न, काम गर्न बाध्यछन् । कुनै,काही कोही समयस्या परेमा सावधानको बिकल्प हुनछाडेको दशकौ भईसकेको छ । न्याय हराएको छ । सत्य मरेको छ । कामगरी खानेहरुको रोजगार खोसिएको छ । लगानी गरेर व्यापार व्यबसाय गर्नेहरु लगानी खेर गयर बैकवाट ऋय लियर भएपनि व्यवसाय चलाएका छन् । त्यही बैंकको ऋण तिर्न नसकेर छटपटाईरहेका छन् । भएका उद्योग बन्द भईसकेका छन् । हजारौ युवा बेरोजगार भएर विदेश पलायन भइरहेका छन् । किर्षकले समयमा मल पायका छैनन् । जशो तसो किसानले फलायको अन्न, तरकारी, फलफुलको बजार सुनिश्चितता छैन । २ बर्षमा निर्माण गर्न शुरु गरेका भौतिक पुर्वधारहरु १० औ बर्षसम्म पनि बन्न सकेका छैनन् ।

दिनानुदिन देशवाट लाईन बसेर युवाहरु रोजगारको लागि विदेश जान बाध्य छन् । देशभित्र नै खेलकुद, पर्यटन, कृषि, जलविद्युत, उद्योग, व्यापार, खनीज पदार्थहरुको उत्खनन् गरी देशलाई आत्मनिर्भर हुने काम कुनै काही थालिएको छैन । कतै कतै थालिएको भएपनि लक्ष्य भेटिनेगरी काम कतै पनि भएको छैन । देशका कुना कुनामा उद्योग कलकारखाना खोलेर सवै नागरिकहरुलाई रोजगार बनाउने सपना सपनामा मात्र सिमित छ । वास्ताबमा भने नागरिक अभावै अभावमा बाचिरहेका छन् । बेरोजगार छन् । अभावमा,महगीकोभारले थिचेरे निसासियर बाचिरहेका छन् ।

यस्ता समस्याहरु आज मात्र नभएर प्रजातन्त्र स्थापना भएको २००७ सालपछि ल्याईएको उन्नत जातको मक्कैको बिउ जस्तै ठुला बोट हुने मक्कै नफल्ने परिवर्तन नामको व्यवस्था आउने तर नेपालीहरुले सोचेको प्रजातन्त्र, लोकतन्त्र र यिनै तन्त्रभन्दा पनि उत्कृष्ट चाहियो भनेर हजारौ नेपाली आमाका छोराछोरीलाई गणतन्त्रको नारा दिएर सम्झौता गरी लोकतान्त्रिक गणतन्त्र लेख्न सफल तर व्यवहारमा बिचौलिया तन्त्र जस्तो देखिने व्यवस्थामा जनताले दुख व्यहोरीरहेकै छन् । यी व्यवस्थाहरुमा पटक पटक गरी धेरै पटक प्रधानमन्त्री हुने कोही एकदुई पटक हुने पार्टीको सभापति, अध्यक्ष, महासचीव, यीमध्य कालगतीले मृत्यु भएकमा मात्र अर्कोले अवसर पाउने नभए त्यही व्याक्तिनै घुमिफरी आलो पालो सरकारमा गइरहने पार्टीहरुका नेता नै हुदै आएका छन् ।

देशको समयस्याको सवाधान गर्न विगतमा किन गर्न सकेनन् ?

यस्ता समस्या सरकारमा पुग्ने महत्वपुर्ण पद लिने नेतृत्वहरुलाई थाहा नभएर हो कि थाहा पायर पनि नगरेका हन् । धेरै जति मानिसहरुको तर्क थाहा पायर पनि बाँकी ६ पृष्ठमा

# पञ्चकन्या ग्रुपका प्रेम बहादुर श्रेष्ठ उपराष्ट्रपतिवाट सम्मानित

काठमाडौ । नेपालका उधोगी तथा समाजसेवी प्रेम बहादुर श्रेष्ठ सम्मानित हुनु भएको छ । उहालाई उपराष्ट्रपति नन्द बहादुर पुनद्धारा सार्वजनिक एक



कार्यक्रमको आयोजना गरी पौष १४ गते The HRM – Awards for Distinguished Services नामक Lifetime Achievement Award - 2022 उक्त सम्मान प्रदान गरिएको हो । यस पञ्चकन्या ग्रुपका अध्यक्ष प्रेम बहादुर श्रेष्ठको नेतृत्वमा स्थपित पञ्चकन्या ग्रुप अर्न्तगत थुप्रै उद्योगहरु सञ्चालनमा छन् । त्यसको अलवा समाजिक क्षेत्रमा समेत काम गर्नुभएका प्रेम बहादुर श्रेष्ठले नेपालमा पनि सस्थागत विकास गर्न र उद्योगधन्दा, ब्यापार सम्भव छ भनि नेपाली समुदायलाई दिनु भएको प्रेणा पनि ठुलो शिक्षाको रुपमा स्थापित छ ।

# फुटवेयर म्युफ्याचरर्स एशोसिएसनले १६ औ फुटवेयर औद्योगिक प्रदर्शनी गर्ने

चन्द्र कमल आचार्य

काठमाडौं । जुत्ता उत्पादक




कम्पनीहरुको छाता संगठन फुटवेयर म्यानुफ्चर्स एशोसिएसन अफ नेपालले १६ औ फुटवेयर औद्योगिक प्रर्दशनी गर्ने भएको छ। उक्त प्रर्दशनीमा विगतको तुतलनामा फरक पन दिनका लागि ठुला स्केलका जुत्ता-चप्पल सम्बन्धि ज्ञानमुलक कार्यक्रम प्रदर्शन र अन्तराष्ट्रिय स्रोतका विज्ञहरु समेत बोलाई अन्तराष्ट्रिय फटवेयर औद्योगिक प्रदर्शन गर्न लागेको सार्वजनिक कार्यक्रममा बताइएको थियो ।

मिति: २०७९ साल पौष १७ गते वल्ड ट्रेड सेन्टरमा पत्रकार सम्मेलन आयोजना गरी उक्त जानकारी दिइएको थियो । आयोजना संयोजक तथा फुटवेयर म्यानुफ्याकचरर्स एशोसिएसन अफ नेपालका उपाध्यक्ष सुरज बन्जाडेले उक्त मेलाको वारेमा जानकारी गराएका थिए ।

भने कार्यक्रममा अध्यक्ष तथा फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएसन अफ नेपालका अध्यक्ष नानीराज घिमिरेले जुत्ता-चप्पलको वारेमा विगतमा भएका अनुभव र नयाँ ट्रेण्ड ल्यउन नयाँ तरिकाले बृहत तथा अन्तराष्ट्रियस्तरमा कार्यक्रम गरी नेपालको जुत्ता-चप्पल मात्र होइन नयाँ परिस्थितिसँगै नयाँ तरिकाले अन्तराष्ट्रियस्तरमा नेपाली उत्पादनले पनि अन्तराष्ट्रियस्रतमा प्रतिस्पर्धा गर्न सक्छन् भन्ने विश्वास बढाउने गरी अन्तराष्ट्रियस्तरको औद्योगिक प्रदर्शन गर्न लागेको जानकारी गराएका थिए ।

यहि पौष २१, २२, २३ गतेदेखि भृकुटीमण्डममा हुने फुटवेयर १६ औ अन्तराष्ट्रिय औद्योगिक मेला भव्य हुने पत्रकार सम्मेलनमा जानकारी दिएको थियो । पत्रकारहरुले सोधेका प्रश्नमा एशोसिएसनका अध्यक्ष र उपाध्यक्षले उत्तर दिएका थिए । कार्यक्रममा फुटवेयर म्यानुफ्याक्चरर्स एशोसिएसन अफ नेपालका पुर्व अध्यक्षहरु, निवर्तमान अध्यक्ष तथा पदाधिकारी हरुको उपस्थिति बाँकी ६ पृष्ठमा

# राजा वीरेन्द्रको शालिक सम्पदालाई संरक्षण गर्नु नै प्रतिष्ठानको मुख्य लक्ष्य

काठमाडौं । १४ पुस शान्तिप्रेमी राजा बीरेन्द्र बीरबिक्रम शाहादेवको स्मरण गर्दै ७८ औं जन्म जयन्ती विभिन्न कार्यक्रम गरि मनाइएको छ । राजा बीरेन्द्र शान्ति प्रतिष्ठानले बिहिबार जावलाखेल स्थित राजा बीरेन्द्रको शालिकमा दीप प्रज्वलन गरि बीरेन्द्रको ७८ औं जन्म जयन्ति मनाएको हो । राजा बीरेन्द्र शान्ति प्रतिष्ठानले नेपाल शान्तिक्षेत्र घोषणाका प्रस्तावक राजा बीरेन्द्रको ७८ औं जन्म जयन्तीको अवसरमा देशमा स्थायी शान्तिको कामना सहित विगत वर्षमा जस्तै जवलाखेल स्थित राजा बीरेन्द्रको शालीकमा माल्यार्पण तथा दीपप्रज्वलन गरेको छ । नेपाललाई शान्ति क्षेत्र बनाउने प्रश्ताव विश्वसामु राखेर शान्तिवादी राजाको छवि बनाएका वीरेन्द्रलाई जनप्रेमी राजाका रुपमा पनि चिनिन्छ । इतिहासकै अकल्पनीय घटनाका रूपमा विक्रम संवत २०५८ साल बाँकी ६ पृष्ठमा

अल्का अस्पताल प्रा. लि.
जावलाखेल, ललितपुरमा
राष्ट्रिय स्तरको नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रम
यस अस्पतालका वरिष्ठ विशेषज्ञहरुद्वारा परीक्षण गारिने नि:शुल्क स्वास्थ्य शिविर कार्यक्रममा सहभागी भई स्वास्थ्य लाभ लिन हुन हार्दिक अनुरोध गार्दछौं ।

शिविर कार्यक्रम:
मिति : २०७९ पौष १८ गाते देखि २२ गाते सम्म ।
समय : विहान ८:०० वजे देखि ५:०० वजे सम्म ।
स्थान : अल्का अस्पताल प्रा.लि. परिसर, जावलाखेल, ललितपुर ।

शिविरमा परीक्षण हुने विशेषज्ञ सेवाहरु:
१. मधुमेह, थाइराइड तथा हर्मोन रोग विशेषज्ञ सेवा
२. आ.भि.एफ एण्ड इन्फर्टिलिटी विशेषज्ञ सेवा (नि:सन्तान दम्पतीहरुका लागि)
३. न्युरो साइक्याट्रिक विशेषज्ञ सेवा

शिविरका विशेषताहरु
- नि:शुल्क प्रयोगशाला परीक्षणहरु: MRI, CT-Scan, HbA1c, RBS, PP, USG of Neck, CBC, LFT, TSH, Prolactin, KFT, ECG, Vitamin D, Vitamin B12
- नि:शुल्क औषधि वितरण: १० दिन सम्मको लागि (चिकित्सकको सिफारिस अनुसार)
- नि:शुल्क Follow up १ महिना सम्मको लागि (शिविर समाप्त भएको मितिले)
- पुनश्च: शिविरमा सहभागी आई.भि.एफ गर्न चाहने दम्पतीहरुलाई रु एक लाख छुट सुविधा उपलब्ध छ।

नाम दर्ता:
मिति : २०७९ पौष ११ गते देखि।
समय : विहान ७:०० वजे देखि ५:०० वजे सम्म ।
सम्पर्क नं : ०१५४५५५५५, ०१५४५१५५५, ०१५९७०७९५, ९८०१२०६९८२, ९८०१२०७०६१

आयोजक
अल्का अस्पताल प्रा. लि.
ALKA HOSPITAL PVT. LTD.
ISO 9001:2015 Certified
Jawalakhel, Lalitpur

सहयोगी संस्था
ललितपुर श्री टेस्ला एम. आर. आई. एण्ड डाइग्नोष्टिक सेन्टर
जावलाखेल, ललितपुर

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'- *मोहन कार्की*

## सम्पादकीय

# विदेशी प्रभावमा चल्ने देश होइन नेपाली औकातमा चल्ने देश बनाऔं

नेपाल देश नेपालीहरुको मर्म, भावना र चाहनामा न्यस्थापन हुनुपर्ने हो । तर प्रजातन्त्र स्थापना भएदेखि अहिलेसम्म त्यस्तो वातावरण देखिएको छैन । बेला बेलामा हुने गरेका विदेशी शक्ति राष्ट्रहरुका नेताहरुको भ्रमणसँगै नेपालको राजनीतिक खैलाबैला हुने गरेको छ । कतिपय राजनीतिक घटनामा पनि विदेशी शक्ति राष्ट्रहरुको कुटनैतिक निकायले गरेका भेटघाटले नै नेपालको राजनीति परिवर्तन हुने गरेको देखिन्छ ।

त्यसकारण पनि नेपाली जनताले विदेशी प्रभावमा देश चलेको आँकलन गरेका हुन् । विदेशी मित्र राष्ट्रहरुले नेपालको भ्रमण गर्नु सदभाव राख्नु नेपाल र नेपालीको लागि गौरवको कुरा हो । जहा विश्वका शान्ति दुत गौतम बुद्धको जन्म भएको नेपाल विश्वको अग्लो सगरमाथाको देश नेपाल, विश्वको हिन्दुहरुको आस्थाको केन्द्र भएको नेपाल हजारौ खोला, नाला, पाखा, पखेरा प्राकृतिक सौदर्यले भरिपुर्ण भएको नेपालमा विश्वका जुनसुकै देशका महत्वपुर्ण न्यात्तित्वहरु नेपालमा आउनु भएको खण्डमा त्यसमा नेपालीहरुले अतिथि सत्कार गर्ने चलन नै छ । त्यसमा कुनै कमि हुने छैन ।

तर त्यो भन्दा अलगै राजनीतिक उद्देश्य बोकेर आ□नो स्वार्थ पुर्ति गर्न आउने चलनले नेपालको आ□नो सार्वभौमसत्ता, राष्ट्रिय स्वातन्त्रतामा असर पुगेको छ । विगतका घटनाले त्यही देखाईरहेका छन् । जसरी प्रजातन्त्रका लागि भारमा आश्रय लिएर प्रजातान्त्रिक भनिने शक्तिहरुले नेपालमा विदेशी प्रभाव बढाए त्यसैको निरन्तरताले विकसित रुप लिदैं विस्तारै अन्य शक्ति राष्ट्रहरुले समेत आ□नो प्रभाव जमाउदै लगेका छन् ।

२०४६ सालमा नै भारतीय नेताहरुले नेपालको प्रजाताात्रिक आन्दोलनमा सहभागी भएर हामरे आन्दोलन आगे बढे हे नै रोकिङगे जस्ता भाषण गरेर अगाडी बढेका थिए । त्यही आन्दोलनको जगमा उठेको राजनीतिक पार्टीहरुले देश हाँक्न पुगे आज तिनै पार्टीहरुको सरकार भएको बेलामा एमसिसि, अहिले पछिल्लो समय चीनको समेत जिएसआई जस्ता प्रभाव र दवाव खेप्नु पर्ने अवस्था आईपरेको छ ।

यो विदेशी शक्तिको पछिल्लो उदाहरण हो अमेरिकी शक्तिको प्रदर्शन एमसिसि प्रकरणमा प्रष्ट भईसकेको छ । अब हुने चिनियाँ शक्तिको प्रदर्शनमा नेपालमा विदेशी शक्तिको प्रभाव कुन रुपमा अगाडी बढ्दे हो त्यो नेपाली राजनीतिमा खतराकै संकेतको लिनु पर्ने देखिन्छ । त्यस्तो खालको वातावरण नेपालका राजनीतिक पार्टी र ती पार्टी सरकारमा, सदनमा जादा बनाएका परराष्ट्र नीति कुटनैतिक सम्बन्ध, न्यवहार जस्ता कारणका परिणामहरु हुन । झण्डै ७० वर्ष अगाडी राजनीतिक पार्टीहरुले गरेको गल्ती अहिले देखिदै छ । भने विस्तारै देशको अवस्था झनझन जटिल तिर गएको छ ।

त्यसकारण विदेशी प्रभावमा चल्दा नेपालले विकास गर्न नसक्दो रहेछ । नेपाली आफ्नै बलबुतामा, आफ्नै औकातमा चल्नु पर्ने रहेछ भनेर वर्तमानका राजनीतिक पार्टीहरु जसले सरकारको नेतृत्व गर्दै छन् । उनिहरुले यस्ता विगतका गल्तीवाट पाठ सिकेर अगाडी बढ्नुपर्ने देखिन्छ ।

# राजनीतिक आवरणमा नागरिक समाज

**श्यामप्रसाद मैनाली**

नेपालका नागरिक समाज विशेषगरी धर्म संस्कृति र परोपकारसँग सम्बन्धित देखिएका छन् । प्रारम्भिक समयमा यस्ता समाज प्रायः अनौपचारिक रूपमा क्रियाशिलता दिने गर्थे । समाजमा देखिएका गलत क्रियाकलापको सुधार गर्दै अन्यायमा परेकालाई न्याय प्रदान गर्ने देखी दिनदुःखी र असहायलाई सहयोग गर्नेजस्तो महान् कार्यहरूमा नागरिक समाजले अभ्यस्तता प्राप्त गरेको थियो । पञ्चायती कालको प्रारम्भमा आइपुग्दासम्म यसले समाजमा अत्यन्त राम्रो स्थान बनाएको थियो । स्थानीय भद्र भलादमीको पहिचान बनाएका समाजका अगुवा आफ्ना क्षेत्रका समस्या समाधान गर्न क्रियाशीलता दिने गर्थे । सानातिना विकास निर्माणका कार्य आफैं गर्थे । यस्ता अगुवाप्रति समाजले हृदयदेखि नै सम्मानभाव प्रकट गर्दै ठूलो आस्था र विश्वास राख्थे ।

वास्तवमा वर्तमान समयमा जस्तो नागरिक समाजका नामले सम्मान नगरिए तापनि यिनीहरूको क्रियाशीलता अत्यन्त सम्मानयोग्य र अर्थपूर्ण रहँदै आएको थियो । सुखदुःखलगायत सामाजिक पर्वहरूमा नागरिकले स्मरण गर्दै सहयोगको अपेक्षा गर्ने आदर्श पात्रका रूपमा स्थापित भएका थिए । आजको जस्तो सबै विषयमा सरकारमै निर्भर रहने स्थिति थिएन । त्यसबखतको नागरिक समाजलाई वास्तवमा नै निःस्वार्थ भाव र इमानदारिताका दृष्टिले आफ्नो धारणा सबैले सकारात्मक बनाउँदै लगेका थिए । पञ्चायती शासनको मध्यतिर वर्गीय र व्यावसायिक संगठनहरूलाई पञ्चायती व्यवस्थाको भ्रातृ संगठनका रूपमा विकास गर्ने सोचका साथ परिचालन गर्न थालियो ।

पञ्चायती व्यवस्था लोकतन्त्र समाप्त पारी सोही जगमा खडा भएकाले लोकतन्त्रप्रेमी जनता, लोकतन्त्रका हिमायती प्रतिबन्धित अवस्थामा रहेका राजनीतिक दल र अन्तर्राष्ट्रिय जगतलाई समेत स्वीकार्य हुन सकेन । तत्कालीन राजा महेन्द्रको लोकतन्त्रलाई विकास निर्माणले विस्थापित गर्ने कोरा कल्पनालाई देशभित्र र बाहिर कतैबाट पनि समर्थन प्राप्त भएन । त्यसैले देशभित्र सचेत नागरिक लोकतन्त्रको पुनर्वहालीको दिशामा क्रियाशीलता दिन प्रारम्भ गरे । विभिन्न संघ/संस्था र संगठनका नाममा नागरिक समाज संगठित हुन थाले । यस्ता लोकतन्त्रका हिमायती संगठनहरूलाई अन्तर्राष्ट्रिय क्षेत्र, दातृ समूह आदिबाट नैतिक समर्थन र आर्थिक सहयोग दुवै मिल्न थाल्यो ।

यसको प्रतिरोधमा पञ्चायत समर्थक संगठनलाई क्रियाशील बनाउने नीति तत्कालीन शासनले अख्तियार गर्दै यस्ता संस्थाको परिचालनका लागि राष्ट्रिय ढुकुटीको दुरुपयोग हुँदै गयो । यस परिवेशमा पञ्चायतले व्यावसायिक र सांस्कृतिक संगठन खोली जनतासमक्ष पञ्चायती व्यवस्थाको उपादेयतामा विश्वस्त तुल्याउने रणनीति लिँदै गयो । सन् १९८० को दशकमा आइपुग्दा त्यस बखत राजनीतिक रूपमा अस्तित्वमा रहेका नेपाल मानव अधिकार संगठन र मानवअधिकार संरक्षण मञ्च क्रमशः नेपाली कांग्रेस र मालेका संस्थालाई पश्चिमा राष्ट्रहरूले सबै प्रकारका सहयोग प्रदान गर्न थाले ।

तसर्थ यी समाजका नाममा देखिएका संगठनहरूले आफ्नो मौलिकपना हराउँदै राजनीतिक कित्तामा आबद्धता जनाउँदै अघि बढे । आफ्नो क्षमतामा जनताको विश्वास आर्जन गरी क्रियाशीलता दिने हैसियत यी कुनै पनि संगठनमा देखिएन । स्वतन्त्र हैसियत कल्पनाभन्दा टाढाको विषय बन्यो । निर्दलीय र बहुदलीय पृष्ठपोषक गरी दुई वर्गमा यस्ता समाज विभाजित बने । पश्चिमाले एक खालका संगठनलाई पञ्चायती व्यवस्थाविरुद्धमा उपयोग गर्न थाले । यी संस्था नागरिक समाजको मूल्यमान्यता र आदर्शविपरीत परिचालित भई स्रोत र साधनको आडमा मात्र अस्तित्वमा रही क्रियाशीलता बढाउँदै गर्दा पुराना र जनताको मन मस्तिष्कमा राज गरेका वास्तविक नागरिक समाजको भूमिका गौण बन्दै गयो र समाजका अगुवा पनि क्रमशः राजनीतिक कार्यकर्ताका रूपमा रूपान्तरित बन्दै गए ।

आधुनिक लोकतान्त्रिक समाजमा नागरिक समाजको महत्व अत्यन्त ज्यादा छ । यो कानुनद्वारा संरक्षित सञ्जाल, स्वयंसेवक सेवा र स्वतन्त्र समूहको संयुक्त रूप हो । जनताका इच्छा र चाहना अवगत गराएर सरकारलाई जिम्मेवार बनाई तदनुरूप कार्य गर्न लगाउने, जनताको स्वतन्त्रताको अधिकारलाई संरक्षण गर्दै सरकारलाई स्वेच्छाचारी बन्नबाट रोकी जनभावना अनुकूल अघि बढ्ने वातावरण बनाउँछ । सरकार र समाजलाई हरेक प्रत्येक क्रियाकलापमा यथासम्भव सम्बन्धित गराई दुवै पक्षबीच सम्बन्ध सेतुका रूपमा कार्य गर्छ । यसबाट जनताको विश्वास र समर्थन सरकारले प्राप्त गर्छ भने जनताले पनि आफ्ना स्वार्थ, चासो र आवश्यकतालाई सरकारले सम्बोधन गर्ने भएकाले सरकारी काम काज, नीतिको जनताले स्वामित्व ग्रहण गर्ने अवस्था बन्छ । यस अर्थमा नागरिक समाज लोकतन्त्रको बहुमूल्य सम्पत्तिका रूपमा रहेको हुन्छ । नागरिक चेतनायुक्त नागरिक समाजले मात्र राज्य शक्तिलाई जनताको पक्षमा परिचालित गराउन सफल हुन्छन् । नागरिक समाजले जनताको समर्थन र सहयोगको आधारमा मात्र आफ्नो भूमिका प्रभावकारी किसिमले निर्वाह गर्न सक्छ । यस्ता नागरिक समाज सरकारलाई सतर्क बनाउने भूमिकामा रहने भएकाले सरकारलाई दबाब दिने शक्तिका रूपमा मात्र अस्तित्वमा रहेको भ्रम बेलाबखत सरकारमा रहनेहरूमा पर्न सक्छ ।

तर, यथार्थमा नागरिक समाजले सरकार र जनता दुवै शक्तिसँग सौहार्द एवं मैत्रीपूर्ण सम्बन्ध स्थापित गर्नुपर्नेहुन्छ । सरकारसँग राम्रो सम्बन्ध स्थापित गर्दा मात्र सरकारी नीति, योजना, कार्यक्रम शैली'दयगत जानकारी लिई ती अवस्थालाई जनताको पक्षमा स्वीकार्य हुने प्रकारले कुन हदसम्म अघि बढ्न सकिन्छ ?

त्यसमा समय सापेक्ष प्रकारले के कस्तो सुधार गर्न सकिन्छ ? जनतासँग बुझी त्यसैमा आधारित भएर सरकारसँग घनिभूत छलफल गर्न सक्छ । त्यसैले नागरिक समाजको उपयुक्त परिचालनबाट राज्य, सरकार, जनता र समाज सबै लाभान्वित हुने गर्छन् । यसले राज्यलाई जवाफदेही बनाउँछ । कानुनी शासनको पक्षमा खडा हुँदै लोकतन्त्रको विकासमा लागिपर्छ । सरकारले जनताबाट मान्यता र समर्थन पाउने वा नपाउने सम्बन्धमा नागरिक समाजको भूमिका निर्णायक बन्छ । नागरिक समाज निष्क्रिय रहने वा गलत प्रकारले परिचालित हुँदै गयो भने राज्य अनुत्तरदायी बन्छ । जब सरकारले समाजमा द्वन्द्वात्मक अवस्थाको आमन्त्रण गर्छ । नागरिक समाजको भूमिकामा वृद्धि हुन थाल्छ ।

सरकार अलोकतान्त्रिक हुँदा नागरिक समाजले लोकतान्त्रिक शासनप्रणाली स्थापित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेपश्चात् मात्र आफ्नो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्न सक्छ । त्यसैले देशमा लोकतन्त्रको प्राप्ति र विकासमा नागरिक समाजको योगदान हुने भएकाले यसलाई लोकतन्त्रभन्दा पनि बृहत् अर्थमा स्वीकार गर्ने गरेको पाइन्छ ।

उदार अर्थ व्यवस्थामा आधारित हुँदै लोकतन्त्रको अभ्यास भइराखेको समाजमा नागरिक समाजले आफ्नो प्रभावकारिता प्रदर्शन गर्दै राजनीतिक, सामाजिक र नागरिक अधिकारका विषयमा घनिष्ठ रूपमा सम्बन्ध राख्छ । यसको दाता समूह, सरकार र जनतासमेतसँग गरी त्रिकोणात्मक सम्बन्ध एवं जवाफदेहिता रहन्छ । यस प्रकार नागरिकको अधिकारको संरक्षणदेखि लोकतन्त्रको संस्थागत विकास गर्दै सबै पक्षसँग समन्वयकारी र सामन्जस्यपूर्ण सम्बन्ध स्थापित गर्नु नै यसको प्रमुख दायित्व हो । अब नेपालको नागरिक समाज'दयगत छलफल केन्द्रित गरौं । सन् १९९० मा देशमा लोकतन्त्रको बहालीपश्चात् धेरै प्रकारका सामाजिक संघसंगठन खुल्ने र क्रियाशिलता दिने क्रम प्रारम्भ भयो । तर, प्रायः सबै संगठनले आफूलाई राजनीतिक कित्तामा आबद्ध बनाउँदै लगे । गैरसरकारी संस्था नागरिक समाजको आवरणमा अस्तित्वमा आउन थाले र यी संस्था विदेशी सहयोगबाट सञ्चालित हुँदै जाँदा दाताको एजेन्डा बोकेर उनीहरूको स्वार्थसिद्ध गराउने माध्यमका रूपमा देखिन थाले । यही मुख्य कारणले गर्दा यस्ता संस्थाको जनतासँगको सम्बन्ध सुमधुर हुन सकेन । जनविश्वास आर्जन गर्न नसक्ने अवस्थाको विकास हुँदै गयो । नेपालको राजनीतिमा क्रियाशिलता दिने गैरसरकारी संस्थाकाबाट भित्रिने ज्यादा देखिँदै गए । यसैगरी ठूलाठूला व्यापारिक घराना, पर्यटन व्यवसायीको क्रियाशिलता सघन रूपमा देखिँदै गयो । नेपालमा दुई प्रकारका नागरिक समाज व्यवहारमा देखा पर्दै गए । पहिलो हो, बिनास्वार्थ कसैमा पनि पूर्ण आश्रित नबनी अथवा सरकारलगायतबाट स्रोतसाधन र सहयोग प्राप्त नगरी क्रियाशील रहने गर्छन् । परम्परादेखि नै विशेषगरी ग्रामीण क्षेत्रमा क्रियाशील रहेका धार्मिक एवं परोपकारी कार्यमा अब्बल देखिएकाले इमानदारिताका साथ आफ्नो भूमिका निर्वाह गरिआएका छन् । अर्को वर्ग छ, राजनीतिक आवरणमा नागरिक समाजको भूमिका निर्वाह गर्छ । यस्ता भूमिकामा गैरसरकारी संस्था अग्रपंक्तिमा देखिन्छन् । यस्ता समाजहरूले दातृ समूहमार्फत सिप, स्रोत, प्रविधि र ज्ञान प्राप्त गरी अधिकांशले दाताकै एजेन्डा अनुरूप कार्य गरिआएका छन् । दातृ निकाय क्षमता विकासका नाममा प्रशिक्षण प्रदान गर्ने, अवलोकन भ्रमण गराउनेजस्ता कार्यक्रममार्फत निर्वाचित निकाय र जनप्रतिनिधिमा पनि प्रभाव जमाइराखेका छन् । दाताको आशयअनुरूप नागरिक समाज परिचालित हुँदै जाँदा यी संस्थामा नेपाली जनताले विश्वास गर्न सकिराखेका छैनन् । देशभित्र रहेका मानव अधिकारकर्मी समेत नागरिक समाजतर्फ रूपान्तरित हुँदै गएका छन् । यस्ता संस्थाहरूले नागरिकहरूलाई कानुनको परिपालना गर्न गराउन विश्वस्त तुल्याई राज्य र सरकारलाई सहयोग गर्दै लोकतान्त्रिक समाजको दिशामा अभिमुख गराउन प्रयत्नशील बन्दै गएका छन् । गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था ज्यामितीय अनुपातमा वृद्धि हुँदै गएको मात्र नभई राष्ट्रिय राजनीतिमा पक्कड जमाउने राजनीतिक दलहरूले समेत यस्ता गैरसरकारी संस्थाका आधारमा राजनीति गरिराखेको आलोचना भइराखेको छ ।

यो क्षेत्र उर्वर देखिँदै जाँदा सम्भ्रान्त परिवारका सदस्यले सक्रियता बढाउँदै गएका छन् । राजनीतिक आवरणमा नागरिक समाजमा कार्य गर्ने प्रक्रियाले अभ्यस्तता प्राप्त गर्दै गयो । पञ्चायती व्यवस्थाको समर्थनमा र विरोधमा यस्ता संस्था परिचालित हुँदै गर्दा २०४६ सालको जनआन्दोलनमा राजनीतिक दल, नागरिक समाजलगायतका संस्था र नेपाली जनता निर्दलीय व्यवस्थाविरुद्ध सडकमा ओर्लिई अन्तर्राष्टूिय सहयोग प्राप्त गरी बहुदलीय शासन व्यवस्था प्राप्त गर्न सफल भए । यस सफलताबाट उत्साहित हुँदै गए । माओवादी द्वन्द्व उत्कर्षमा पुग्दा समानान्तर सरकारको अवस्थासमेत सिर्जना हुँदा भौतिक र सामाजिक संरचना ध्वस्त मात्र भएन हजारौं नेपाली जनताको हत्या हुन पुग्यो ।

जनताको सुरक्षा गर्न सरकार असफल भयो । यो अवस्थाबाट देशमा शान्ति कायम गर्न पनि यस्ता संस्थाको योगदान महत्वपूर्ण रहेको थियो । तत्कालीन राजा ज्ञानेन्द्रले निरंकुश शासन सञ्चालन गर्दा सुरक्षाका लागि माओवादी र संसद्वादी एक हुन पुगे । नागरिक समाजले अन्तर्राष्टूिय सहयोगसमेतको आधारमा ठूलो दबाब सिर्जना गरेका थिए । सेना राजनीतिक भूमिकामा उत्रिँदा यसको विरोधमा नागरिक समाज खडा भयो । २०६३ सालको दोस्रो जनआन्दोलन सफल बनाउने क्रममा समावेशीकरण र राज्य पुन संरचनाको विषयलाई मूल एजेन्डा बनाई राजाको शासनलाई वैदेशिक सहायता उपलब्ध नगराउने परिस्थिति सिर्जना गराई आन्दोलन सफल बनाउन भूमिका निर्वाह गर्नपुग्यो ।

आन्दोलनको सफलतापश्चात विदेशी सहयोगमा उनीहरूकै एजेन्डा बोकेर हिँड्ने केही शक्तिशाली नागरिक समाज आफ्नो एजेन्डा अनुकूल सरकार परिचालन गर्न सफल भए । ज्वलन्त उदाहरणका रूपमा नेपालमा धर्म निरपेक्षता कसरी आयो ? तत्कालीन समयका शक्तिशाली राजनीतिज्ञ गिरिजाप्रसादलाई र प्रधानमन्त्री भएको अवस्थामा सुशील कोइरालालाई थाहा नभएको अभिव्यक्ति आइरहँदा तत्कालीन समयका राष्टि्रयसभाका अध्यक्षले सभाको घोषणापत्रको वाचन गिरिजा प्रसादले तयार पारिदिएको दस्ताबेजको आधारमा गरेको उद्घोष गर्नुले धर्म निरपेक्षता देशले सोचेको, चाहना राखेको विषय नभई अदृश्य शक्तिको एजेन्डा भएको प्रमाणित भएको छ ।

यस्ता राजनीतिक घटनालाई स्मरण गर्दा नागरिक समाज समाजसेवा वा राजनीतिमध्ये कुनतर्फ अभ्यस्त हुँदै गएका छन् प्रश्न चिह्न खडा भएको छ । नेपालका नागरिक समाज प्रायः सबै दलका भ्रातृ संगठनको भूमिकामा देखिँदै गए । आफ्नो मौलिक चरित्र, मूल्य मान्यता, आदर्श सबै परित्याग गरी व्यक्तिगत स्वार्थ सिधा गर्ने अस्वस्थ प्रतिस्पर्धामा तल्लीन रहे । यिनीहरूमा पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको अभाव देखियो ।

निष्कर्षमा नेपालका नागरिक समाज भूमिगत शक्तिको इसारामा परिचालित भएका, गैससका रूपमा रूपान्तरित भएका, अस्थायी समाधानमा रमाउने प्रवृत्तिका, राजनीतिक एजेन्डालाई शिरोपर गर्दै वास्तविक नागरिक समाजको अस्तित्व नामेट पार्न लागि पर्ने, सुगम क्षेत्रमा मात्र सीमित हुन रुचाउने, दाता र सरकारबीच विश्वासको संकट सिर्जना गर्ने प्रतिनिधि पात्रका रूपमा विस्तारै रूपान्तरित हुँदै गएका छन् ।

त्यसैले नागरिक समाजको भूमिका गुमाउँदै गएका छन् । वास्तविक नागरिक समाजको अभाव देशले गरिराखेको छ । यसबाट देशको सबै क्षेत्रमा राजनीतिकरण गर्ने गलत प्रवृत्तिलाई प्रोत्साहित गरेको छ ।

राजधानी दैनिक

# अल्का अस्पतालको सोमवारदेखि ५ दिनसम्म निःशुल्क स्वास्थ्य शिविर सुरु

ललितपुर। जावलाखेलमा रहेको अल्का अस्पतालले १८ गतेदेखि २२ गतेसम्म निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ। सोमबार विहान अस्पतालमा आयोजित एक कार्यक्रमका बीच निःशुल्क स्वास्थ्य शिविरको अस्पतालका अध्यक्ष कुमार थापाले उद्घाटन गर्नुभयो।

सो कार्यक्रममा उहाँले आइभिएफ, मधुमेह र साइकियाट्रिक एक आपसमा सम्बन्ध भएका कारण यस पटकको शिविरमा यी विषयलाई प्राथमिकता दिएको उल्लेख गर्नुभयो।

अस्पताल परिसरमा सुरु निःशुल्क स्वास्थ्य शिविरमा आइभिएफ, मधुमेह तथा न्युरो साइकियाट्रिक विशेषज्ञबाट स्वास्थ्य जाँच भइरहेको प्रशासन प्रमुख भगवान केसीले जानकारी दिनुभयो।

शिविरमा स्वास्थ्य जाँच गरिएकाहरुलाई चिकित्सकको सिफारिस अनुसार निःशुल्क ल्याव जाँच र औषधि वितरण पनि गरिने अस्पतालले जनाएको छ।

शिविरमा सहभागी इच्छुकलाई आइभिएफमा १ लाख छुटको व्यवस्था मिलाइएको छ। त्यस्तै एमआरआइ र सिटी स्क्यान पनि निःशुल्क गरिने अस्पताल प्रशासनले जनाएको छ। शिविरमा सहभागीहरुले एक महिनासम्म फलो अप गर्दा पनि कुनै शुल्क लाग्ने छैन।

अल्का अस्पतालले यसअघि लमजुङ्ग, मकवानपुर, काभ्रे लगायतका दर्जनौ जिल्लाहरुमा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिसकेको छ।

अल्का अस्पताल २०६२ साल फागुन ३ गतेदेखि संचालनमा आएको हो। अल्का अस्पतालमा सय शैया छ। अस्पतालले केही समय अघि अल्का आइभिएफ सेन्टर र डाइबेटिज सेन्टरको स्तरउन्नती गरेको थियो। अल्का अस्पतालले उपचारमा भित्रिएका नयाँ नयाँ प्रविधिहरु भित्र्याएर बिरामीहरुलाई सेवा दिदैं आइरहेको छ।

अल्का अस्पतालमा सुविधा सम्पन्न एनआइसियु कक्ष रहेको छ। यसका साथै टेष्ट ट्युव बेबी सेवा, प्रसुति तथा महिला रोग सेवा, डाइबेटिज, बालरोग, मुटु रोग, तथा यसका सम्पुर्ण परीक्षण पनि अस्पतालमा हुदैं आएको छ। नशा सम्बन्धि, बाथ रोग सम्बन्धि, यौन तथा छालारोग सम्बन्धि, ग्यास्ट्रोलोजि, रेडियोलोजी, आखाँ, नाक, कान घाँटी, दाँत रोग, युरोलोजिष्ट, कलेजोरोग, एनेस्थेसिया लगायतका विशेषज्ञहरुबाट अस्पतालले विरामीहरु लाई सेवा दिने सेवामा पनि अल्का अगाडी छ।




# अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनसँगै लेखनाथवासी खुसी

लेखनाथ। पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन मा आएसँगै लेखनाथ वासीमा पनि खुसियाली छाएको छ। लेखनाथको खरानेफाँट निवासी कृष्ण तिमिल्सेनाले विमानस्थलको आइतबार उद्घाटनसँगै अब पोखराको मात्र हैन, लेखनाथको पर्यटनमा समेत सहयोग पुग्ने बताउनुभएको छ। विमानस्थल कास्कीको मात्र नभई गण्डकी प्रदेशकै गहना भएको उहाँको भनाइ छ। पूर्वमन्त्री यज्ञबहादुर थापाले यस क्षेत्रको विकासमा अन्तर्राष्ट्रिय विमानस्थको भूमिका महत्वपूर्ण रहने बताउनुभयो। पोखरा मात्र हैन विमानस्थलबाट समदूरीमा पोखराको फेवा र लेखनाथको बेगनास ताल पनि पर्ने भएकाले लेखनाथको क्षेत्रको पर्यटन विकाले अब द्रुतगति लिनेमा विश्वास व्यक्त गर्नुभयो। "अब यहाँ आउने पर्यटक पोखराको लेकसाइडले मात्र थेग्न सक्दैन ती पर्यटक बेगनास र रुपा तालतर्फ पनि आउने छन्", उहाँले भन्नुभयो, "कस्केलीको चार दशक लामो प्रतीक्षाबाट निर्माण सम्पन्न भएको छ यो विमानस्थल सफल बनाउन कस्केली मात्र नभएर सिङ्गो गण्डकीवासी नै जुट्नुपर्छ", "अब विदेशी पर्यटक सीधै पोखरा आउनसक्ने भए", उहाँले भन्नुभयो, "पोखरा र लेखनाथको मात्र हैन अब समग्र गण्डकी प्रदेशको विकास भएको छ, अब यहाँबाट पर्यटक चितवन, लुम्बिनीमा जानसमेत सक्ने भए", स्थानीयवासी थापाले भन्नुभयो।

उहाँले लेखनाथ र पोखरा अब एउटै उपत्यका भएको छ, विमानस्थल सञ्चालनमा आएपछि झनै नजिक बनाइदिएको छ, अब यहाँका जनप्रतिनिधिले समृद्धि र यहाँका प्रकृतिक संरचनालाई संरक्षण गर्दै गुफा र तालको धनी सहर पोखराको पर्यटक विकासमा जुट्नुपर्ने बताउनुभयो। पोखरा-२६ लेखनाथका गणेश अधिकारीले क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलले समग्र कास्की र वरपरका जिल्लाको पर्यटन विकासमा सहयोग पुऱ्याउने र यस क्षेत्रका मानिसको जीवनस्तरसमेत माथि उठ्ने विश्वास व्यक्त गर्नुभयो। समग्र पोखराको पर्यटन विकासमा यहाँका स्थानीय, प्रदेश र सङ्घका प्रतिनिधि जुट्नुपर्छ उहाँले भन्नुभयो, "विदेशी पर्यटक अब सीधै पोखरा आउने भएपछि पोखरालाई थप सुन्दर बनाउन विकासका योजना पर्याप्त मात्रामा ल्याउनु पर्छ।" लेखनाथ उद्योग वाणिज्य सङ्घका अध्यक्ष एवं लेखनाथवासी छत्रधर आत्रेयले विमानस्थल सञ्चालन आएसँगै लेखनाथका सडक विस्तार गर्न आवश्यक भएको बताउनुभयो। यहाँका साँघुरा सडक र कच्ची सडकले पर्यटक थेक्न सक्दैन, ट्राफिक जाम नहुने किसिमबाट सडकको विस्तार हुन जरुरी भएको बताउनुभयो। यस क्षेत्रको पर्यटकीय बेगनास, रुपालगायत अन्य पाँच तालको पनि विकास गर्न जरुरी रहेको जनाउँदै उहाँले लेखनाथका सातै काललाई जोड्ने सडक निर्माण गर्न जरुरी भएको बताउनुभयो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आइतवार पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानास्थलको उद्घाटन गर्नुभएको थियो। राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पोखरा विमानस्थलको बाँकी ६ पृष्ठमा

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ। त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्टाएर प्रयोग नगरौं।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं। विद्युतजन्य उपकरणको प्रयोग नगरौं।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौं।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापको मन्थली नगरपालिकाको हिउँदे अधिवेशन आह्वान

रामेछापको मन्थली नगरपालिकाले हिउँदे अधिवेशन आह्वान गरेको छ। मन्थली नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद चापागाईंले सोमबार एक सूचना जारी गरी यही पुस २५ गते सोमबार बिहान ११ बजे नगर सभाको १२ औं अधिवेशन(हिउँदे) अधिवेशन आह्वान गर्नुभएको




हो। सूचनामा पुस १४ गते मन्थली नगरपालिका-९ पुरानागाउँको थानापति महादेव मन्दिर परिसरमा बसेको छैटौं नगर कार्यपालिका बैठकको निर्णय अनुसार अधिवेशन आह्वान गरिएको उल्लेख छ।

सूचनामा चालु आर्थिक वर्ष २०७९/०८० को नीति, योजना कार्यक्रमहरू संशोधन र कानुनहरूको संशोधन बारे छलफल हुने उल्लेख गरिएको छ। पुस १४ गते मन्थली नगरपालिका वडा नं ९ पुरानागाउँ स्थित थानापति महादेव मन्दिर परिसरमा छैटौं नगर कार्यपालिका बैठक सम्पन्न भएको थियो। बैठकले प्रसिद्ध धार्मिक तथा ऐतिहासिक थानापति मन्दिर र यस आसपासका क्षेत्रलाई नगरको महत्त्वपूर्ण पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न थानापति विकास गुरुयोजना तयार गर्ने र आवश्यक बजेटको व्यवस्थापन गर्न आगामी नगर सभामा प्रस्ताव पेस गर्ने लगायतका १० वटा निर्णयहरू गरेको थियो।

## निशानको १० औं बार्षिक साधारणसभा र चौथो अधिवेशन सम्पन्न

रामेछाप। निशान बचत तथा ऋण सहकारी सस्थाको १० औ साधरणसभा र चौथो अधिवेशन सम्पन्न भएको छ। उक्त कार्यक्रम घनमाया श्रेष्ठको अध्यक्षतामा र प्रमुख अतिथि रामेछाप नगरपालिका प्रमुख लबश्री न्यौपाने, त्यसैगरी बिशिष्ठ अतिथि मा उप प्रमुख बाल कुमारी कार्की, नि,प्रमुख प्रशासकीय अधिकृत नबराज बडु, जिल्ला सहकारी सँघका सचिव नवीन के,सी,अतिथिहरुमा रा,न,पा, वडा न ८ का अध्यक्ष सन्तोष कुमार तामाङ,वडा न ७ का अध्यक्ष समीर कार्की,शेयर सदस्य तथा कार्यपालिका सदस्य रुकुम हायु,शेयर सदस्य तथा वडा समिति सदस्य खड्ग बहादुर मगर ,शेयर सदस्य तथा वडा न ७ वडा समिति सदस्य महेन्द्र बहादुर मगर निर्वाचन उप समिति सयोजक नारायण सुवेदी,निर्वाचन उपसमिति सदस्य मेघ प्रसाद भट्टराई,नगर उद्योग बाणिज्य सघ रामेछापका अध्यक्ष शम्भु कुमार श्रेष्ठ,नेपाल पत्रकार महासघ जिल्ला शाखा रामेछापका अध्यक्ष बद्री नयाँ घरे, हजुरको रेडियोबाट निरु थापा ,केवलेश्वर वचत साकोषका अध्यक्ष देव बहादुर श्रेष्ठ,समाज सेवा जागृति महिला साकोष रामेछाप बाट उपाध्यक्ष साबित्रा कार्की,जुनार जुनेली बचत साकोषका अध्यक्ष उमेश बिक्रम थापा,राष्ट्र सेवक कर्मचारी साकोषका सचिव दिपक कुमार श्रेष्ठ, साहारा बचत साकोष बाट सन्देश शाहि लगायतको बाक्लो उपस्थिति रहेको थियो।




सस्थाका ६७६ जना सदस्यहरु मध्येबाट अधिक उपस्थिति भयका शेयर सदस्यहरुको उपस्थितमा भव्य कार्यक्रम कार्यक्रम भएको थियो। सहजिकरण तथा उदघोषण ब्यबस्थापक लक्ष्मण श्रेष्ठ र ऋण समितिका सदस्य अपना श्रेष्ठ द्वयले गर्नु भयको थियो। सोही कार्यक्रमको अवसर पारेर सस्थाका आवद्ध भएका मृतक शेयर सदस्य १० जनालाई हार्दिक श्रद्धाञ्जली दिनुका साथै १ मिनेट मौन धारण गरिएको थियो। त्यसैगरी जेष्ठ नागरिक सम्मान १६ जनालाई रु ५०० नगद प्रदान गरियको थियो।बाल बचतबाट शेयर सदस्य हुने सदस्यहरुलाई सम्मान १५ जनालाई मायाको चिनो कप प्रमुख अतिथिको हातवाट वितरण गरिएको थियो।

कार्यक्रमलाई भव्य बनाउन नृत्य सहितको सहकारी सम्बन्धि गित प्रस्तुत बाल कलाकार र शेयर सदस्यहरुबाट प्रस्तुत भएको थियो। शेयर सदस्यहरु विभिन्न बिधातामा रहेका ८ जनालाई सम्मान,हाकाहाकी क्वीज, सहकारी सम्बन्धि कार्यक्रम सचालन भएको थियो। कार्यक्रममा बार्षिक प्रतिवेदन सचिब सुजन घिमिरेले बाचन गर्नुभएको थियो। त्यसैगरी आर्थिक प्रतिबेदन कोषाध्यक्ष अमित कुमार तामाङले बाचन गर्नुभएको थियो। निर्वाचन समिति नारायण सुबेदी तथा मेघ प्रसाद भट्टराई नियुक्त गरी निर्वाचन प्रणाली को बारेमा जानकारी र निर्वाचित सचालक समिति र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको नामावली घोषणा गरियको थियो। चौथो अधिवेशनवाट नयाँ कार्यसमिति पनि चयन भएको छ।

# प्रभु बैंक लिमिटेडको २१औं वार्षिक साधारण सभा सम्पन्न

काठमाडौं । मिति २०७९/०९/१४गते बिहिबार प्रभु बैंक लिमिटेडको २१औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। बैंकको सञ्चालक समितिका अध्यक्ष लिला प्रकाश सिटौला को अध्यक्षतामा काठमाण्डौ, बबरमहलस्थित बैंकको प्रधान कार्र्यालयमा बसेको बैंकको २१औं वार्षिक साधारण सभाले सञ्चालक समितिको प्रतिवेदन सहित गत आ.व.०७८/०७९को वासलात,नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अनुसूचीहरु पारित गरेको छ। बैंकको २१औं वार्षिक साधारण सभाले बैंकको सहायक कम्पनी प्रभु क्यापिटल लिमिटेडको गत आ.व. २०७८/०७९ को एकीकृत वित्तीय विवरण पनि पारित गरेको उल्लेख गरेको छ।




सम्पन्न बैंकको २१ औं वार्षिक साधारण सभामा छलफल तथा निर्णयार्थ प्रस्तुत सामान्य तथा विशेष प्रस्तावहरु पारित गर्दै बैंकले गत आ.व. २०७८/७९ को मुनाफाबाट गत आ.व. २०७८/०७९आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ६.५० प्रतिशत बोनश शेयर र बोनश शेयर र नगद लाभांसमा लाग्ने कर समेतका लागि १.५० प्रतिशत नगद लाभांश समेत वितरण गर्ने निर्णय पारित गरेको उल्लेख छ।

वार्षिक साधारण सभाले सेञ्चुरी कमर्सियल बैंक लि. को १०० कित्ता शेयर बराबर प्रभु बैंक लि. को १०० कित्ता शेयर प्रदान गर्ने ९क्जबचभक्धबउ च्वतष्य० गरी सेञ्चुरी कमर्सियल बैंक लि. लाई प्राप्ती (एक्विजिशन) गर्ने संयुक्त मर्जर समितिले गरेको अन्तिम सम्झौतालाई सर्वसम्मतीबाट पारित/अनुमोदन गरेको छ। आज सम्पन्न वार्षिक साधारण सभाले बैंकको अधिकृत पूँजी वृद्धि गरी २४ अर्र्ब रुपैयाँ कायम गर्ने निर्णय गरेको छ। आज सम्पन्न वार्षिक साधारण सभाबाट पारित निर्णय अनुसार बैंकको प्रबन्ध-पत्र तथा नियमावलीमाआवश्यक संशोधन गर्ने क्रममा सम्बन्धित नियमनकारी निकायहरुबाट कुनै निर्देशन, सुझाव प्राप्त भएमा सो को आधारमा आवश्यक परिमार्जन गर्न तथा सेञ्चुरी कमर्सियल बैंक लि. लाई प्राप्ती (एक्विजिशन)गर्ने सम्बन्धमा अन्य आवश्यक सबै कार्य गर्न बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय पारित गरेको छ।

सम्पन्न बैंकको २१ औं वार्षिक साधारण सभाले ६.५० प्रतिशत बोनश शेयर वितरण गर्ने निर्णय पारित गरे पश्चात् बैंकको चुक्ता पूँजी रु. १३ अर्ब ५३ करोड ४७ लाख ६९ हजार ९ सय ४६ रुपैयाँ पुगेको छ। प्रभु बैंकले देशका विभिन्न स्थानमा शाखा रहित बैंकिङ्ग सेवा, ६३ वटा एक्स्टेन्सन काउण्टर कार्यालय, १९४ वटा एटिएम तथा २१७ वटा शाखा कार्यालयहरु सहित देशभर फैलिएको आफ्नो बैंकिङ्ग सञ्जालको माध्यमबाट १९ लाख भन्दा बढि ग्राहकहरुलाई प्रत्यक्ष अत्याधुनिक प्रविधि सहितको गुणस्तरीय बैंकिङ्ग सेवा प्रवाह गरिरहेको बैकले उल्लेख गदै आएको छ।

बैंकको २१औं वार्षिक साधारण सभाको अवसरमा प्रभु बैंकको उत्तरोत्तर उन्नती प्रगतिको शुभेच्छा प्रकट गर्नुहुने समस्त शुभेच्छुकहरु, बैंकको व्यवसायिक वृद्धिमा यथेष्ठ साथ र सहयोग प्रदान गर्नुहुने ग्राहकवर्ग, नियामकीय निकायहरु,शेयर धनी महानुभावहरु लगायत सम्बन्धित सबैमा प्रभु बैंक लि. को तर्फबाट हार्दिक, हार्हिक धन्यवाद व्यक्त गर्दछौं भनि धन्यवाद समेत दिएको छ।

# प्रभु क्यापिटलको बीमाको सुरक्षासहितको नयाँ डिम्याट ९९९ आजीवन डिम्याट खाता योजना

१ जनवरी, २०२३ बाट प्रभु क्यापिटलले हालको ९९९ डिम्याट स्किममा थप विशेषता थपी प्रभु क्यापिटलको ९९९ आजीवन डिम्याट खोलौ तथा बीमाको समेत सुरक्षा पाऔं भन्ने स्लोगन सहित ९९९ आजीवन डिम्याट खाता योजना सार्वजनिक गरेको छ। ग्राहकहरुलाई वार्षिक डिम्याट नविकरणको झन्झट हुने समस्यालाई राहत दिन क्यापिटलले यो योजना ल्याइएको जनाएको छ। डिम्याट खातावालले हाल डिम्याट खाता नवीकरण गर्न प्रत्येक वर्ष रु. १०० नवीकरण शुल्क बुझाउनुपर्ने रहेकोछ अन्यथा खाता फ्रिज हुने यावत् समस्याले कारोबार गर्दा क्लोज आउटमा परी जरिवाना तिर्नुपर्ने अवस्था भोग्नुपर्ने हुन्छ। सोही समस्याको हल स्वरुप प्रभु क्यापिटलले यो योजना ल्याएको हो, जुन नयाँ तथा पुराना सबै ग्राहकहरुमा मान्य हुनेछ।

१ जनवरी, २०२३ बाट शुरु भएको यस योजनामा हितग्राहीले एक पटक ९९९ रुपैयाँ शुल्क तिरेर क्यापिटलबाट आजीवन डिम्याट नवीकरणको सुविधा पाउनुका साथै निजले १ वर्षको अवधिमा १ लाख बराबरको एक्सिडेन्ट इन्सुरेन्स पनि पाउने क्यापिटलले जनाएको छ। यो योजनाले सक्रिय रुपमा पूँजी बजारमा लाग्ने हितग्राहीलाई डिम्याट खाता नवीकरणका झन्झटबाट राहत दिलाउने तथा नयाँ लगानीकर्तालाई दीर्घकालीन रुपमा भित्रायाउनमा सघाउ पुरयाउने छ। यो डिम्याट खाता देश विदेशमा रहने नेपालीहरुले स्वयम् उपस्थित रहेर खाता खोल्नुका साथै वेबसाइट तथा मोबाइल एपबाटै अनलाईन डिम्याट गरी भिडियो केवाइसि सहितको डिम्याट खाता आफू रहेको ठाउँबाटै खोल्न सक्ने क्यापिटलले जनाएको छ। यसमा व्यक्तिले अनलाईन रिक्वेस्ट गर्दा भिडियो केवाइसी वा इन एप भेरिफिकेसन छनौट गरी आफ्नो अनुकूलता अनुसार समय लिई तुरुन्तै अनलाईन डिम्याट खाता खोल्न सक्नेछन्।

प्रभु क्यापिटलको ९९९ आजीवन डिम्याट खाताको विशेषताहरुः

-रु. ९९९ मा आजीवन डिम्याटको सुविधा साथै १ लाख बराबरको दुर्घटना बीमा,

- लगानी व्यवस्थापन सेवा (पिएमएस)मा पुराना भएका शेयर पोर्टफोलियोको निशुल्क पुनःसंरचना साथै वार्षिक शुल्कमा ५० प्रतिशत छुट,

•Instant डिम्याट खाता खोल्ने सेवा प्रभु क्यापिटलको वेबसाइट तथा मोबाइल एपबाटै,

•अनलाईनबाट डिम्याट भर्दा Video KYC tyf App बाट भर्दा In–App KYC verification को सुविधा।

# प्रभु लाइफ इन्स्योरेन्सद्धारा बीमित परिवारलाई दाबी भुक्तानी हस्तान्तरण

सुनसरी। प्रभु लाइफ इन्स्योरेन्स लिमिटेडले बीमित परिवारलाई दाबी भुक्तानी गरेको छ। २०७८ पौष २८ गते प्रभु लाइफमा रु. २० लाख बीमाङ्क रकमको जीवन बीमा गर्नुभएका गणेश विश्वकर्माको यही असोज २८ गते मृत्यु भएको थियो। पहिलो प्रीमियम स्वरुप रु. १ लाख ३६ हजार ६५४ रकम मात्र बीमा शुल्क बुझाउनु भएका उहाँको दोस्रो किस्ता रकम (बीमा शुल्क)बुझाउने समय अगावै मृत्यु भएको थियो। प्रभु लाइफले बीमित स्वर्गिय गणेश विश्वकर्माका श्रीमती सन्तमाया मगर र निजका बुबा धनबहादुर मगरलाई धरान शाखा कार्यालयमा एक कार्यक्रमका बीच रु. २० लाखको चेक हस्तान्तरण गरेको




थियो। प्रभु लाइफका प्रदेश १ प्रमुख पुष्कर भट्टराई र धरान शाखा प्रमुख सन्तोष राईले संयुक्त रुपमा परिवारलाई सो चेक हस्तान्तरण गर्नुभएको थियो। प्रभु लाइफका प्रदेश १ प्रमुख पुष्कर भट्टराईले जीवन बीमालाई विश्वासनीय बनाउन दाबी भुक्तानीलाई सरल, सहज र चुस्त रुपमा गरिने कम्पनीको नीति रहेको प्रष्ट पार्नु भयो। जीवन बीमाले बीमित परिवारलाई यस किसिमका अकल्पनिय घटनाबाट आइपर्ने आर्थिक जोखिम बहन गर्ने बताउनु भयो। जसले बीमित परिवारलाई आफ्नो जीवन यापनमा केही मात्रामा सहजता आउने विश्वास लिएका छौं, प्रभु लाइफका प्रदेश १ प्रमुख पुष्कर भट्टराईले बताउनु भयो। दाबी भुक्तानी कार्यक्रममा धरान शाखामा कार्यरत सिनियर एजेन्सी मेनेजर, एजेन्सी मेनेजर, अभिकर्ता र स्थानीयहरुको सहभागिता रहेको थियो।

# कुमारी र एनसीसी बैंक कुमारी बैंक लिमिटेडको नामबाट सञ्चालन

कुमारी बैंक लिमिटेड तथा नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेड १:१ शेयर अनुपातमा मर्जर भई अब उपरान्त कुमारी बैंक लिमिटेडको नामले सञ्चालन हुने भएको छ। काठमाडौं आयोजित एक कार्यक्रममा दुवै बैंकका अध्यक्ष- कुमारी बैंक लि. का अध्यक्ष अमिर प्रताप ज. ब. राणा ज्यू तथा साविकको नेपाल क्रेडिट एण्ड कमर्स बैंक लिमिटेडका अध्यक्ष उपेन्द्र केशरी




न्यौपाने ज्यूले संयुक्त रुपमा समुद्घाटन गरे पश्चात् कुमारी बैंक लिमिटेडले एकीकृत वित्तीय कारोबार शुरु गरेको छ। सो कार्यक्रममा कुमारी बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत रमेशराज अर्यालले स्वागत मन्तन्य मार्फत नेपालको हालको आर्थिक परिस्थिति र अर्थतन्त्रलाई गतिशील बनाउनुपर्ने आजको आवश्यकता रहेको यस घडीमा यो मर्जर निकै सुखद र सकारात्मक कदम रहेको र कुमारी बैंक लिमिटेडले यस मर्जरपछि विभिन्न तवरबाट सेवाग्राहीहरूका लागि नवीनतम बैंकिङ्ग उत्पादनहरू प्रस्तुत गर्नुका साथै आउँदा दिनहरूमा आकर्षक सुविधाहरू पनि ल्याउने विचार व्यक्त गर्नुभयो। यस मर्जर पश्चात् चुक्तापुँजी २६ अर्ब २३ करोड रूपैयाँ, कूल निक्षेप ३ खर्ब २ अर्ब रुपैयाँ र कर्जा २ खर्ब ८० अर्ब रुपैयाँ पुगेको छ। यस पश्चात् कुमारी बैंक लिमिटेडले ४१५ वटा स्थानहरूबाट आफ्ना आधुनिकसुविधाहरू प्रदान गर्ने भएको छ। जसमा ३०६ वटा शाखा कार्यालय, ४७ एक्स्टेन्सन काउन्टर र ६२ वटा शाखारहित बैंकिङ्ग इकाइहरू तथा एटीएम संख्या ३४५ रहने छन्।

# ग्लोबल आइएमइ बैंक र बिओकेलाई मर्जरको तयारी

नेपाल राष्ट्र बैंकले ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डूलाई मर्जर को लागि अन्तिम स्वीकृति दिएको छ। नेपाल राष्ट्र बैंकको पुस १५ गते शुक्रबार बसेको संचालक समितिको बैठकले दुई बैंकलाई मर्जरको लागि अन्तिम




स्वीकृति दिएको हो। राष्ट्र बैंकले अन्तिम स्वीकृति प्रदान गर्दै मर्जरपछि बन्ने बैंकको नाम परिवर्तन गर्न निर्देशन दिएको छ। दुवै बैंकको साधारणसभाले मर्जर पछि बन्ने बैंकको नाम ग्लोबल आइएमई बिओके लिमिटेड कायम हुने गरि प्रस्ताव पारित गरेको थियो। तर राष्ट्र बैंकले भने ग्लोबल आईएमई बैंक लिमिटेड मात्र राख्न निर्देशन दिएको छ। राष्ट्र बैंकबाट अन्तिम स्वीकृति प्राप्त भएसँगै अब कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति पाएपछि बैंकलाई एकिकृत कारोबारको बाटो खुल्ने छ। दुवै बैंकको मङ्सिर २३ गते सम्पन्न साधारणसभाले मर्जर प्रस्ताव पारित गरेको थियो। दुवै बैंक १:१ को अनुपातमा मर्ज हुन लागेका हुन्।

# अर्थ संसार

## सन नेपाल लाइफको अभिकर्ता सम्मान तथा बिमा अभिमुखिकरण कार्यक्रम सम्पन्न

मोरङ। सन नेपाल लाइफ इन्स्योरेन्सले २०७९/०९/१३ देखि २०७९/०९/१६ सम्म साबिकको मेचि र कोशी अन्चलका बित्तामोड इलाम बिराटनगर इटहरी र धरान शाखाकार्यालयहरुमा अभिकर्ता सम्मान तथा बिमा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको छ। जनमानसमा बिमाको महत्व, बिमा दाबि भुक्तानी लगाएतका महत्वपूर्ण प्रशिक्षण कम्पनिका महाप्रबन्धक कमलराज गौतमद्धारा प्रदान गरीएको थियो साथै उत्कृष्ट अभिकर्ताहरुलाई सम्मान समेत गरिएको थियो। देशैभर उत्कृष्ट शाखा सञ्जालबाट बीमा सेवा प्रदान गर्दे आएको यस कम्पनीले निकट भविष्यमा नै सर्ब साधारणलाई साधारण शेयर निष्काशन समेत गर्न गइरहेको पनि कार्यक्रममा उल्लेख छ।

## गरिमा विकास बैंकको एकदिने अन्तरक्रिया

काठमाडौं। गरिमा विकास बैंक लिमिटेड र विदेशी मुद्रा विनिमय संघ-नेपालको संयुक्त आयोजनामा विदेशी मुद्रा विनिमयसम्बन्धी एकदिने बृहत




अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। नेपाल राष्ट्र बैंकका विशिष्ट प्रतिनिधिहरु तथा विभिन्न विदेशी मुद्रा विनिमयका सञ्चालक तथा कर्मचारीहरु गरी ११० जनाभन्दा बढीको उपस्थितिमा काठमाण्डौको ठमेलस्थिते होटेल मर्स्याङ्दीमा उक्त कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा नेपालमा विदेशी मुद्रा विनिमय, एन्टी मनी लन्डरिङ (गो एएमएल), सम्पत्ति शुद्धीकरणलगायतका समसामयिक विषयहरुमा बृहत छलफल तथा प्रशिक्षण सम्पन्न भएको छ। कार्यक्रममा गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले देशको समग्र बैंकिङ प्रणालीमा विदेशी मुद्रा विनिमयको स्थितिका बारेमा आफ्ना धारणा राखेका थिए। हाल गरिमा विकास बैंकले लाजिम्पाट, ठमेल, माछापुच्छ्रेलगायत विभिन्न शाखाबाट विदेशी मुद्रा सटहीको सरल व्यवस्था गर्दै आइरहेको छ।

## ग्लोबल आइएमई बैंकको रक्तदान कार्यक्रम

ग्लोबल आइएमई बैंकले १६औं वार्षिकोत्सवको उपलक्ष्यमा देशव्यापी रुपमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ। १८ औं वर्षम प्रवेश गरेको अवसरमा बैंकले सोमबार देशका सातवटै प्रदेशमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो। कार्यक्रम अन्तर्गत, प्रदेश १ को झापास्थित बिर्तामोड




शाखा, मधेश प्रदेशको सिरहास्थित मिर्चैया शाखा, बाग्मती प्रदेशको काठमाडौंको कान्तिपथ र चितवनको भरतपुर शाखामा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। यस्तै गण्डकी प्रदेशको पोखरास्थित न्यूरोड शाखा, लुम्बिनी प्रदेशको दाङस्थित घोराही शाखा, कर्णाली प्रदेशको विरेन्द्रनगरस्थित सुर्खेत शाखा, र सुदूरपश्चिम प्रदेशको धनगढीस्थित चौराहा र कैलालीमा रक्तदान कार्यक्रम आयोजना गरिएको बैंकले जनाएको छ। देशभर आयोजित कार्यक्रममा ५१२ जनाले २४२ लिटर रगत दान गरेका छन्।

## एभरेष्ट बैंकद्वारा विद्यालयलाई आर्थिक सहयोग

एभरेष्ट बैंक लिमिटेडले धुनिबेशी नगरपालिका वडा नं. ७ खानीखोला, धादिङमा अवस्थित श्री मच्छिन्द्र माध्यामिक विद्यालयको कम्प्युटर ल्याबलाई आवश्यक विद्युत आर्पूति गर्नका लागि पावर ब्याकअप सिस्टम जाडान गर्नको लागि दुई लाख २६ हजार आर्थिक सहयोग गरेको छ। सो कार्यक्रममा




एभरेष्ट बैंकका सिआरएस कमिटीका सदस्य तथा नायब महाप्रबन्धक केशव राज पौडेलले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेखर कार्कीलाई चेक हस्तान्तरण गरेका हुन्। यसबाट विद्यालयको समष्टिगत विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ। सो कार्यक्रममा विद्यलायका उप-प्रधानाध्यापक गोवर्धन गोदार र बैंकका बजार तथा संस्थागत निक्षेप विभाग प्रमुख पुष्प राज उप्रेती, बैंकको धार्के शाखाका प्रबन्धक कुमार शेर्पा लगायत अन्य विभिन्न क्षेत्रका व्याक्तिहरुको समेत उपस्थिति रहेको थियो।

# सेफ नेपालको सेट रिभिल

भक्तपुर । मिती २०७९ पौष १५ गते सेफ सेट रिभिल भएको छ । शो को सेट ठिमी भक्तपुर स्थित रोयल थाइ हस्पिट्यालिटी को प्राङ्गण भित्र रहेको छ ।

धर्मराज पाण्डेले कार्यक्रम को तालिका, प्रतियोगि, तथा शो को उदेश्य बारे थप प्रष्ट पार्नु भयो ।

सेफ नेपाल बारे प्रष्ट पार्दै निर्माता धर्मराज भन्नुहुन्छ कि यस शो को मुख्य मनोरन्जन नै हो । सेफ नेपाल टिम यस डेलिभरी बारे सचेत छ । यो शो देशमै यस बिधामा पहिलो कार्यक्रम हो । बाटो बनाउदै सबैलाई बुझाउदै अघी बढ्नु एक प्रकारको चुनौती प्रतिस्पर्धा गर्न को लागी तम्तयार छन । हिमालय टिभी बाट प्रशारणा हुने यो नेपालकै पहिलो फुड रियालिटी शो हो । यस शो का बिजेता ले नगद रु २५ लाख प्राप्त गर्नेछन भने रु १० लाख




शो का मास्टर जज सेफ सन्तोष साहले सेट ढाकिएको पर्दा झारी सेटको रिभिल गर्नु भएको हो । शो का अन्य जज सेफ गणेश बहादुर ढकाल तथा भान्से लक्ष्मण प्रशाद भन्डारी पनि उपस्थित भई सेटको रिभिल तथा कार्यक्रम बारे थप जानकारी उपलब्ध गराउनु भएको थियो । शो का निर्माता उदेश्य भनेको टेलिभिजनको पर्दा बाट खाना पकाउदै दर्शक माझ मनोरन्जन प्रदान गर्नु नै हो । नेपाली खानाको प्रबर्धन, सेफ जगत को उत्थान, पाक कलाबारे चेतना, खाना र स्वास्थ्यको सम्वन्ध लगायत अनेक महत्वपुर्ण बिषयहरु यो शो ले उजागर गर्ने भए पनि टेलिभिजन पर्दामा चहिने महत्वपुर्ण डेलिभरी भनेको जस्तै भएको छ । तर सबै चुनौतीहरु लाई सामना गर्दै हामी धेरै अघी आइसकेका छौ । आज को सेट रिभिल त्यसको एक उदाहरण हो । सेट रिभिल भए सगै अब छिटै नै शो को छायाँकन कार्य शुरु हुने छ । पाण्डेले भने, शो जम्मा १८ इपिसोडको हुने छ । ८० प्रतिस्पर्धिहरु शो मा भन्दा बढीको उपहार दर्शकहरुले यस शो को क्विज सेग्मेन्ट मार्फत प्राप्त गर्ने छन । शो ले भर्पुर मनोरन्जन, नेपाली खाना बारे ज्ञान, नयाँ नयाँ खानाको परिकार, खाना पस्कने नयाँ कला लगायत धेरै बिषयलाई समेट्ने छ । नेपालको गेस्ट्रोनोमि टुरिजममा समेत यो कार्यक्रमले टेवा पुर्याउने छ ।

# आविष्कार केन्द्रलाई युएन कजेजको आर्थिक सहयोग

काठमाडौं । सुनसरीको घरान उपमहानगरपालिका १६ मा बिगत दश बर्षदेखि संञ्चालन हुदै आएको नबोदय प्लस टु यु एन कलेज ले राष्ट्रिय आबिश्कार केन्द्रलाई आर्थिक सहयोग गरेको छ । युएन कलेज बिज्ञान संकायका ११ र १२ कक्षामा




अध्यनरत ५० जना बिधार्थीको नेतृत्व गरी शुक्रबार कलेजको तर्फबाट कलेजका प्राध्यमपक तथा युएन नबोदय हेल्पीङ्ग हेन्डका संयोजक राम बहादुर लिम्बुले आबिश्कार केन्द्रमै पुगरे केन्द्रका अध्यक्ष डा.महाबिर पुनलाई आर्थिक सहयोग रकम हस्तान्तरण गरको हुन । युएन कलेजका कलेज प्राध्यमपक तथा युएन नबोदय हेल्पीङ्ग हेन्डका संयोजक राम बहादुर लिम्बु बिज्ञान संकायका कोअडिनेटर आकास अधिकारी लगायत ५० बिद्यार्थीहरुलाई आबिश्कार केन्द्रका प्रबिन बोहरा र सौरबसिंह चौधरीले केन्द्रले गरिरहेको कामको बारेमा जानकारी दिनुका साथै केन्द्रको अवलोकन भ्रमण समेत गराएका थिए । कलेलका बिधार्थी दिपेन भण्डारी, सेबिका राई, सुसान जिसी असु लिम्बु लगायतले आबिश्कार केन्द्रको बारेमा बिभिन्न प्रश्नहरु गरेका थिए । सो प्रश्नको जवाफ दिदै केन्द्रका अध्यक्ष डा.महावीर पुनले आविष्कार केन्द्रलाई सघाउन नागरिक स्तरबाट स्वत:स्फूर्त रुपमा आर्थिक सहयोग जुटेको बताउँदै वैज्ञानिक खोज अनुसन्धान गर्न र नेपाली जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न राष्ट्रिय आविष्कार केन्द्र स्थापना गरेको बताए । बिद्यार्थीसँगको अन्तरक्रियामा केन्द्रका अध्यक्ष डा.महावीर पुनले विभिन्न वस्तुको आविष्कार गरेर उत्पादन बढाउनु पर्ने र त्यसबाट नै आर्थिक समृद्धि हासिल गर्न सकिनेमा जोड दिदै नेपालमा आविष्कारलाई प्रोत्साहन गर्न र नयाँ आविष्कारका लागि नविन सोच र योजना भएकाहरुलाई काम गर्ने ठाउँका साथै पुँजी, प्रविधि र प्रोत्साहन दिने काम आबिष्कार केन्द्रले गर्ने बताए । उनले भने नविन सोच छ र त्यसलाई उपयोग गरेर नयाँ वस्तुको आविष्कार गर्न सकिन्छ भने उहाँलाई आवश्यक सहयोग राष्ट्रिय आविष्कार केन्द्रले उपलब्ध गराउने बताए । आविष्कारले आर्थिक विकास गराउने र त्यसैले रोजगारी सिर्जना पनि गर्ने भएकाले आविष्कार कुनै पनि देश समृद्धिको महत्वपूर्ण आधार भएको उनले बताए । कुनै पनि चिजको प्रोटोटाइप बनाउन सहयोग गर्छौं। प्रोटोटाइपले राम्रोसँग काम गर्‍यो भने त्यसलाई बजारमा लैजान सकिने गरी कमर्सियल प्रोडक्ट बनाउन पनि आविस्कार केन्द्रले नै सहयोग गरिरहेको बिर्थीहरुलाई बताए । बिधार्थीहरुले सोधेका प्रश्नको जबाफ दिदै पुनले भने इनोभेसन गर्नेहरु देशका लागि बहुमुल्य पुँजी भएकाले उनीहरुलाई प्रोत्साहन गर्नुपर्ने बताए । राष्ट्रिय आविष्कार केन्द्रले अहिलेसम्म गरेका सबै काम जनताले स्वेच्छिक रूपमा गरेको आर्थिक सहयोगबाट नै सम्पन्न भएका बताए । त्रिभुवन विश्वविद्यालय परिसर भित्र राष्ट्रिय आविष्कार केन्द्र नेपाल कार्यालय रहेको छ । पछिल्लो समयमा यसको चर्चा देश विदेशमा समेत पुगेको छ । विगत दुई वर्षदेखि सञ्चालनमा आएको राष्ट्रिय आविष्कार केन्द्रले आफ्नो नियमित आविष्कारका कार्यहरू गरिरहेको छ । नयाँ-नयाँ खोज आविष्कारका कार्यहरू गरिरहेको छ । शैक्षिक क्षेत्र विद्यालयहरू, विश्वविद्यालय भनेको पढाउने ठाउँ हो । त्यस्ता पढाउने ठाउँ संसारभरी नै छन् । सबैको पढाउने तरिका उस्तै हो । पढाइ सकेपछि उनीहरूलाई एउटा व्यवहारिक किसिमको शिक्षा दिनुपर्ने हुन्छ, त्यस प्रकारको ज्ञान दिन नसक्नु नै कमजोरी छ । विद्यालयहरू खोलेर विद्यालयहरूमा जति सक्दो बालबालिकाहरू लाई ल्याएर उनीहरू साक्षर बनाउने अध्ययन गराउने अभियान थियो । साक्षर बनाउनुको साथ-साथै उनीहरूलाई आफ्नो खुट्टामा आफै उभिने बनाउनको लागि, उद्यमी बनाउनको लागि शिक्षा दिएपछि त्यस किसिमको वातावरण निर्माण गर्ने कार्यमा पटक्कै प्रयास गरियन । जागिर खानेहरूले पढेर प्रमाणपत्र लिएर जागिर खाओस् तर कसैले उद्यमी बन्छु भनेर उद्यमी बन्नको लागि प्रमाणपत्रले काम गर्दैन । उद्यमी बन्नको लागि उनीहरूलाई उचित वातावरण दिनुपर्छ । अनुसन्धान आविष्कार गर्ने किसिमको वातावरण बनाई दिनुपर्छ । उनले विद्यार्थीहरूलाई भने जागिर खाने भन्ने कुरा अन्तिम अवस्थामा केही सीप लागेन भने मात्र खाने भन्ने हो । उद्यमी हुने किसिमको काम गर्छु । चाहे समाजको फाइदाको लागि होस् चाहे व्यक्तिगत फाइदाको लागि होस् त्यस्तो किसिमको लक्ष्य मनमा राख्नुपर्‍यो । त्यही अनुसार काम अघि बढ्नुपर्‍यो । भोली जे-जे हुन्छ त्यही अनुसार गर्ने हो । हामीहरू योजना बनाएर अगाडि बढ्दै जादैछौ । आविष्कार केन्द्रमा यो वर्षमा यो काम गर्ने भनेर योजना बन्दैन र बनाउन सकिदैन । आविष्कार, अनुसन्धान भन्ने कुरा कुन मान्छेलाई कुन समयमा कस्तो किसिमको चिन्तन आउछ भन्ने थाहा नै हुँदैन । तसर्थ यो वर्षमा यो काम गर्ने भनेर योजना बनाउन सकिदैन । अनुसन्धान, आविष्कार भनेको त मान्छेको दिमागमा आएको उपजलाई व्यवहारिक रूपमा ढाल्नलाई यो केन्द्र खोलेको हो । मान्छेको दिमागमा आइडिया त धेरै आउछ । ती आइडियाहरू आउछ, हराउछ । त्यसकारणले भाई बहिनीहरूलाई राम्रो आइडियाहरू आयो भने भनि हाल्नुपर्‍यो । आइडिया निकाल्दाखेरी व्यवहारिक रूपमा सफल र उद्यमी बन्ने किसिमको आइडियाहरू निकाल्नु पर्दछ उनले भने ।

# खेलकुद

## आर्मीलाई हराउँदै संकटा क्लब आहा रारा गोल्ड कपको सेमिफाइनलमा

कास्की । सङ्कटा फुटबल क्लब आहा रारा पोखरा गोल्ड कप फुटबलको सेमिफाइनलमा पुगेको छ । पोखरा रङ्गशालामा आज सोमवार भएको खेलमा विभागीय टोली त्रिभुवन आर्मी क्लबलाई दुई-एक गोलले हराएर सङ्कटाले



अन्तिम चारमा स्थान पक्का गरेको हो । सङ्कटालाई जिताउन मेसुके र सुरज ज्यु ठकुरीले एक/एक गोल गरे । त्रिभुवन आर्मीका नवयुग श्रेष्ठले एक गोल गरे पनि जितका लागि पर्याप्त भएन । मंगलबारको खेल मनाङ मर्स्याङदी क्बल र भुट्निज क्बलका बिच हुनेछ । १० टोलीको सहभागिता रहेको प्रतियोगिताको विजेताले १२ लाख र उपविजेताले ६ लाख रुपैयाँ पुरस्कार पाउने छन् ।

## नेपाल टी-२० लिगमा लुम्बिनीले विराटनगरलाई हरायो

काठमाण्डौ । नेपाल टी-२० लिग क्रिकेट प्रतियोगितामा आइतवार भएको दोस्रो खेलमा लुम्बिनी अल स्टार्सले विराटनगर सुपर किङ्ग्सलाई १२ रनले हराएको छ । लुम्बिनीले दिएको एक सय २३ रनको सामान्य लक्ष्य पछ्याएको विराटनगर १९ ओभर ३ बलमा एक सय १० रनमा अलआउट




भयो । विराटनगरका अर्जुन साउदले सर्वाधिक ४१ रन बनाए । लुम्बिनीका तिलक भण्डारी, ह्यारी टेक्टर र शाड्ली भान स्चाल्कवेकले दुई/दुई विकेट लिए । यसअघि त्रिवि क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको लुम्बिनीले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय २२ रन बनायो । लुम्बिनीका लागि दीपेन्द्रसिंह ऐरीले नटआउट ५० रन बनाए । विराटनगरका नन्दन यादव, सूर्य तामाङ र विवेक यादवले दुई/दुई विकेट लिए । यो जितसँगै लुम्बिनी सात खेलमा १२ अङ्कसहित तालिकाको शीर्ष स्थानमा छ भने विराटनगर छ खेलमा चार अङ्कसहित पाँचौं स्थानमा छ ।

## इटहरीमा प्रधानमन्त्री कप राष्ट्रिय महिला टी-२० क्रिकेट हुने

काठमाण्डौ । सुनसरीको इटहरीमा प्रधानमन्त्री कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । नेपाल क्रिकेट संघको आयोजना र सुनसरी क्रिकेट संघको सहआयोजनामा लिग कप नकआउटमा प्रतियोगिता हुने भएको हो । प्रतियोगिता पुस २९ देखि माघ ८ गतेसम्म सञ्चालन हुनेछ ।




इटहरी-९ मा रहेको जनता क्रिकेट पार्कमा राष्ट्रिय खेलकुद परिषद्को सहयोगमा सञ्चालन हुने प्रतियोगितामा ७ वटा प्रदेश र विभागीय टोली नेपाल एपीएफ क्लब गरी ८ टिम सहभागी रहने आयोजकले बताएको छ । ८ टिमलाई दुई समूहमा विभाजन गरी प्रतिस्पर्धा गराइनेछ । विजेता टोलीले नगद ५ लाख रुपैयाँ र उपविजेताले ३ लाख रुपैयाँ प्राप्त गर्ने आयोजकले बताएको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडीले ३० हजार, उत्कृष्ट ब्याट्स विम्यानलाई २० हजार र उत्कृष्ट बलरलाई २० हजार रुपैयाँ प्रदान गरिन आयोजकको भनाइ छ । साथै, प्रत्येक खेलको उत्कृष्ट खेलाडीलाई नगद ३ हजार प्रदान गरिनेछ । प्रतियोगितामा कुल १ करोड १३ लाख रुपैयाँ बजेट लाग्ने अनुमान आयेजकको छ । राष्ट्रिय खेलकुद परिषद्ले ४० लाख र बाँकी रकम नेपाल क्रिकेट संघले व्यवस्थापन गर्ने सहमति भएको छ । खेलकुद पर्यटन नै विकास समृद्धिको आधार भन्ने नारासहित प्रतियोगिता हुनेछ ।

## फुटवयर....

रहेको थियो । भने त्यस अन्तराष्ट्रिय फुटवेयर प्रदर्शन मेलालाई सघाउने किरण सुजका सञ्चालक अमिर प्रताप राणा लगायतलाई विशिष्टताको आसन ग्रहण गराईएको थियो ।

## राजा......

जेठ १९ गते शुक्रबार नारायणहिटी दरबारभित्र राजा वीरेन्द्रको वंशनाश भएको थियो । तत्कालिन रानी ऐश्वर्य, युवराज, दीपेन्द्र, अधिराजकुमार निराजन, अधिराज कुमारी श्रुती लगायतको हत्या भएको नारायणहिटी हत्याकाण्ड भने अझै रहस्यमय छ ।

त्यो दिनलाई नेपाली जनताले अहिले पनि कालो दिनका रूपमालिने गरेको छन् । स्व.राजाबीरेन्द्र राष्ट्रवादी, शान्ति, विकास र प्रजातन्त्रका पक्ष थिएभन्ने कुरा इतिहासले नै सावित गरेको छ । उहाँले नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव विश्वसामु राखेर शान्तिवादी राजाको छवी बनाएका थिए । उहाँको प्रतावलाई ११६ राष्ट्रले हस्ताक्षर गरेको र केहि राष्ट्रको विरोधको कारण यसले सार्थकता नपाएको प्रष्टै छ । उहाँको निधनसंगै यस विषयले प्रसय पाएको छैन । राष्ट्रलाई दिएको त्याग र योगदानको उच्च मुल्यांकन गरि देशमा शान्ति र अमनचयन राख्नुनै उहाँप्रतिको सच्चा सम्मान हुनेछ भन्ने प्रतिष्ठनको ठहर छ प्रतिष्ठानद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

## अन्राष्ट्रिय....

भौतिक पूर्वाधार तथा प्राविधिक काम सम्पन्न भएको छ । करिब तीन हजार नौ सय रोपनी क्षेत्रफलमा फैलिएको यो विमानस्थलको लगानी रु २२ अर्ब रहेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ । विमानस्थलको हाल दुई हजार पाँच सय मिटरको धावनमार्ग र ४५ मिटर चौडाइ तथा धावनमार्गको मोटाइ ३४ सेन्टिमिटर रहेको छ । विमानस्थलको क्षमता वार्षिक दश लाख यात्रुको रहेको छ । २४ सैं घण्टा जहाज सञ्चालन गर्न सकिने सो अवसरमा जानकारी दिइएको छ ।

## टि ट्वान्टी.....

सौन्दर्यप्रति आकर्षणको कथा हो । अधीन कथाले एउटी छोरीले गरेको भूलको सजा अर्कीलाई दिने निष्ठुरी बाबु-आमा र सन्तानप्रति कठोर अनुशासनले जन्माएका त्रासद स्थितिहरूको कथा हो। यो कथा निकै सन्देशमूलक छ । काइँला-काइँली कथा सन्तान शहरिएर एक्लै घर बस्न बाध्य बुढा बा-आमाको करुण कथा हो ।

चौतारी एउटा समर्पित प्रेमकथा हो। यस कथामा एकातिर प्रेमको नैसर्गिक रूप र त्याग देखाउन लेखकले रत्ति पनि लोभ गरेको देखिंदैन भने अर्कातिर क्यान्सर पीडित नायकले डाक्टरले तोकेको मर्ने मितिअघि नै चौतारीमा झुण्डिएर मर्ने दुस्साहस गरेको कार्यले आदर्शप्रेमीको गुणलाई धमिल्याएको छ । एकातिर नायक बलियो मुटु भएको, तन-मनले आफ्नी पत्नीको इच्छा पूरा गर्न लागेको, अनन्य प्रेमी, निस्वार्थ त्यागी पुरुषको रूपमा देखा पर्दछ भने अर्कातिर उ आत्महत्या गर्ने छोटो बुद्धि भएको रूपमा देखा पर्दछ। उ धरतीमा केही दिनको पाहुना हो भन्ने थाहा हुँदाहुँदै पनि उसको कृत्यले उसका समस्त गुणहरूमा तुषारापत गरिदिन्छ । मृत्युसँग साक्षात्कार गर्न गइरहेको मानव निर्भिक हुन्छ भन्ने धरणा छ। उसलाई नझुण्ड्याएर अन्तमा चौतारीमा पुर्याएर मरेको देखाएको भए लेखकले आफ्नो पात्रसँग न्याय गर्ने थिए भन्ने मलाई लाग्छ। यसरी पाठकलाई कथाको अन्त खल्लो लाग्छ र यस कथामा विरोधाभासको स्थिति देखा पर्दछ । समग्रमा यस कथाले फिल्मी ढाँचा अँगाल्न पुगेको छ ।

रेडियोरिताका प्रायजसो कथाहरूमा घटनाको प्रधानता पाइन्छ । विषयवस्तु र पात्र चयनमा लेखकले धेरै दक्षता देखाएका छन् । कथाका पात्रहरू प्राय युवा छन्। कथाहरूमा आजको बजारवादको चपेटले जन्माएको भोगवादी एवं भौतिकवादी वृत्ति र आफ्नो परम्परा, पहिचान र संस्कृतिबाट विच्छिन्न हुँदै गइरहेको दिशाहीन र भौतिकवादको चपेटमा परि विकृतिहरूको पुञ्ज बन्दै गइरहेको युवा पिढीलाई स्थान दिएको देखिन्छ । लेखकले समाजको सागरबाट चुनिन्दा पात्ररूपी मोतीहरू टिपेका छन् जसले समाजका विविध विकृत पाटाको प्रतिनिधित्व गरेका छन्। यहाँ सोझै आत्महत्या गर्ने पात्रहरू प्रशस्त छन्। यसमा उच्च लक्ष्य राखेर शिक्षा एवं समाजमा अघि बढ्ने युवाभन्दा सस्तो र क्षणिक प्रेममा भुलिएर आफ्नो सुनौलो युवा जीवन गुमाउने युवाहरू प्रशस्त छन्। आत्मिक वा नैसर्गिक प्रेममा भन्दा शारीरिक आकर्षण पछि लाग्ने, क्षणिक आनन्दका लागि केटीको जीवनसँग खेल्ने, आफ्ना बूढा बा-आमालाई एक्लै छाडी शहरिन बाध्य भएका पात्रहरू छन्। युवतीहरू कतै विद्यार्थी अवस्थामा गर्भिणी भएका, शारीरिक प्रेमलाई प्रेम सम्झिने, युवा हुनुको अर्थ मात्रै एउटा जीवनसाथी भेटनुको अर्थमा लिने, क्षणिक शारीरिक प्रेममा फँसेका, धोकाको शिकार भएका, देह व्यापारमा संलग्न, मातृत्व बेच्न बाध्य भएका, उच्च लक्ष्यहीनहरू छन् भने अभिभावक वर्ग पनि प्राय दायित्व निर्वाह नगर्नेहरू छन्। उनीहरूको दायित्वहीनताको दण्ड सन्तानले भोग्नु परिरहेको यथार्थ केहि कथाहरूले सरलतासँग पाठकमाझ राखेका छन्। उच्च सपना बोक्ने, उँचो लक्ष्य हासिल गर्ने संकल्प लिएर अघि बढने, दुनियामा कीर्ति राख्न कमर कस्ने, संघर्शशील युवा पात्र कथामा छैनन्। ग्रामीण र शहरिया दुवै युवा पात्रहरू विभिन्न विकृतिहरूको चपेटमा परेका छन्। युवा पिढी परिवार, समाज, देश र दुनियाको मेरुदण्ड मानिन्छ। युवा दिशाहीन भए समाज दिशाहीन बन्छ भन्ने विद्वान-चिन्तकहरूको भनाई छ। दिशाहीन समाज विस्तारै पतनको बाटो लिन्छ, यसैले युवावर्ग संघर्शशील, उच्च लक्ष्यसाधक, इमान्दार र चरित्रवान हुन अनिवार्य मानिन्छ । कथाहरूले युवावर्गको आँखा अवश्य खोल्नेछन्। यसरी लेखकले आफुले भोगेको, आँखाअघि देखेको र अनुभव गरेको वर्तमान जीवन र परिस्थितिको एउटा विकृत पाटोलाई कथाको माध्यमबाट छर्लंग देखाउने प्रयास गरेका छन् ।

कथाहरूमा कथातत्वको राम्रो निर्वाह भएको पाइन्छ । कथावस्तुमा सम्पूर्णता पाइन्छ भने विभिन्न वर्गको प्रतिनिधित्व गर्ने पात्रहरूको राम्रो गठन भएको छ । एकाधलाई छोडेर प्राय पात्रहरूको सुहाउँदो चरित्रचित्रण कथामा देखिन्छ। छोटा र लामा दुवै प्रकारका पात्रोचित सम्वादहरूको संयोजन कथामा पाइन्छ । शैलीमा सम्वादात्मक, वर्णनात्मक, अन्य पुरुष, पत्रात्मक र आत्मकथानकको निर्वाह भएको पाइन्छ । कथाकारको नेपाली भाषाले कथाको उद्देश्यसम्म पाठकलाई डोहोर्याउने क्षमता बोकेको देखिन्छ । हिन्दी भाषाका प्रशस्त शब्दहरू देखा परे तापनि यस्ता शब्दले लेखक हुर्किएको, उठ-बस गर्ने समाजको प्रभावलाई प्रष्ट्याएको छ तर कथाको सम्प्रेषणीयतामा कुनै बाधा पुर्याएको देखिंदैन । लामो समयबाट दिल्लीमा बसोवास गरेको हुनाले नेपाली भाषामा हिन्दीका शब्दहरू आउनु अस्वाभाविक भन्न मिल्दैन किन भने कुनै पनि भाषामा स्थानीयताको प्रभाव पर्नु स्वाभाविक कुरा हो । समग्रमा भन्नु पर्दा आकर्षक आवरणमा सजिएको रेडियोरिताले लेखकले देखेको, भोगेको समाजको एक पाटाको खुला यथार्थलाई बोकेर नेपाली साहित्यको बजारमा प्रवेश गरेको छ। पाठकले कथालाई बुझ्न बढी मिहिनेत गरिरहनुपर्दैन र पढदै लाँदा आफ्नै वरिपरि घटिरहेका घटना र दृश्यहरू आँखाअघि घुमेझै अनुभव गर्नेछन् । यस कृतिमा पाठकले सरल-सहज अभिव्यक्तिको एउटा अनौठो नमूनाको साक्षात्कार गर्नेछन् । यो कृति पठनीय बनेको छ । भविष्यमा लेखकको लेखनीबाट अझ उत्कृष्ट कथाहरूको सिर्जना हुनेछ भन्ने बलियो आशा साँच्न सकिन्छ ।

कृतिको नाम - रेडियोरिता
सर्जक - हर्कबहादुर लाम्गादे 'रोहित'
विधा - कथा (आख्यान)
प्रकाशक - अम्बर पब्लिकेशन हाउस, नयाँ दिल्ली
मूल्य - रु.150 /- (भारत), रु. 200 (नेपाल)

## निराश......

नगरेका हुन् भन्ने रहेको छ ।

त्यसकारण विगतमा पनि प्रधानमन्त्री दुईपटक भईसकेका पुष्पकमल दाहालले यो विकराल देशको समस्या सावधान गर्न सक्लान् ? धेरै प्रश्न बनेको छ ।

जनयुद्धको वेला विदेशी शक्तिको आडमा जनयुद्ध घोषणा गरेर आफ्नै दाजुभाई मारेको आरोप लगाउने शक्तिलाईं जवाफ दिन, माओको सिद्धान्त नाम जोडियर आएको माओवादी पार्टी, त्यही पार्टीले जनयुद्धताका जनताका विचमा बाडेका सपना , गायक गीत, देश विकास र आमुल परिवर्तनको लागि युद्धमा लडाई लड्न जान दिएको निर्देशन र त्यही निर्देशनका कारण हजारौ हजार सहिद भएका ति निस्वार्थी कार्यकर्ताको बलिदानले यो अवस्थामा आईपुगेका प्रचण्ड यानकी हालका देशका प्रधानमन्त्री पुष्पकमल दाहालले देशमा भईरहेको बेतिथि हटाउन सक्लान् ?

सम्राज्यवादी शक्ति विरुद्ध नारामा, भाषणमा विरोध गरेको ईतिहास बोकेको माओवादी पार्टी तर शान्ति प्रक्रियामा आईसकेपछि धेरै कुराहरुमा चुकेको र सरकारमा जान दुईपटक त नेपाली काँग्रेससँग टासिएको आरोप छ । भने अर्को तर्फ एमसिसि पास गर्न भुमिका खेलेको आरोप समेत लागेको छ । जसमा अमेरिकाको समकालीन प्रतिस्पर्धी चीनले निवर्तमान गठबन्धनको सरकारले त्यो काम गरेको भन्ने आसय राखेको छ र चीनले एमसिसि बिरुद्ध सोझो भाषामा नभनेपनि नेपाललाई दवाव दियर हैकमवाट नलाद्न भनेर अमेरिकालाई पत्रकार सम्मेलन समेत सार्वजानिक गरेको थियो ।

त्यस्तै राष्ट्रिय अन्तराष्ट्रिय रुपमा नेपालको कुटनैतिक सम्बन्ध बिग्रेको अवस्था छ । यि बिग्रेका सम्बन्धलाई सुधार गर्न स्वस्थ प्रतिस्पर्धावाट योग्य, दक्ष कुटनैतिकहरुको नियुत्ति गरी अर्थात राजदुतहरु पठायर अन्तराष्ट्रिय सम्बन्ध सुधार गर्न सक्छन् ?

बढ्दो महगीले थलिएका जनतालाई महगी बढ्नुको कारण खोजेर महगी नियन्त्रण र काला बजारी साथै घर बहाल कर समेत मुगुको एउटा मानिस अवसर खोज्ना काठमाडौको आई व्यवासय गर्नुपऱ्यो भने घरबहाल कर समेत त्यो समान्य आय भएको व्यक्तिले तिर्नुपर्छ त्यसको नियमन गरेर समान्य नागरिकले व्यवासय गर्ने वातावरण बनाउन, काला बजारीलाई कारवाही गर्न, मासिक थोरै भन्दा थोरै रकमले पनि मानिस बाच्न सक्छन् भन्ने सामाजिक न्यायमा आधारित तरिका अपनाउने काम गर्न सक्छन ?

बेरोजगार युवाहरुलाई देशमा नै रोजगार बनउन अरु केही नसके पनि जलविद्युतलाई आवश्यक पर्ने सवै खालका पाटपुर्जा नेपालमा उत्पादन गर्ने काम गर्न सक्छन् । ? तमाम अनेकौ प्रश्नै प्रश्नको धेरामा उभिएका तर नयाँ प्रधानमन्त्री भनिएपनि तेस्रोपटक प्रधानमन्त्री कुर्सीमा बसेका पुष्पकमल दाहाल र सरकारमा सम्मिलित पार्टीका निकायहरुले सास जानै लागि सकेको देशका जनतालाई त्राण भर्लान् । आम मानिसको प्रश्न बनेको छ । उत्तर कसरी आउछ , काम कसरी हुन्छ यो सरकारको भावि दिनले नै निर्धारण गर्ला !

# सुदूरपश्चिम प्रदेशसरकार गठनमा अन्योल

सुदूरपश्चिम । माग र मुद्दा सम्बोधन नगरिएसम्म सरकार गठनमा कसैलाई सहयोग नगर्ने र सहभागीसमेत नहुने नागरिक उन्मुक्ति पार्टीको अडानपछि तत्काल सुदूरपश्चिम प्रदेशसरकार गठनमा अन्योल देखिएको छ । त्रिपन्न सदस्यीय प्रदेशसभामा सात सदस्य रहेको नागरिक उन्मुक्ति पार्टी संसदीय दलका नेता रामेश्वर चौधरीले टीकापुर घटनाका बन्दी रिहाइ नभएसम्म आफूहरूले कसैलाई सरकार बनाउन सहयोग नगर्ने र सरकारमा समेत सहभागी नहुने बताउनुभएको छ । प्रदेशसभामा कुनै पनि दलको एकल बहुमत छैन । प्रदेशसभामा सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका १९ सदस्य रहेका छन् । नेकपा (माओवादी केन्द्र) को ११, नेकपा (एमाले) को दश, नेकपा (एकीकृत समाजवादी)को चार, राप्रपा र स्वतन्त्र एक/ एक जना रहेका छन् । सरकार गठनका लागि २७ सदस्यको बहुमत आवश्यक पर्दछ । सजिलैसँग सबै दललाई बहुमत जुटाउन कठिन छ । नागरिक उन्मुक्तिले केन्द्र सरकार गठनमा भने समर्थन गरेको छ । कांग्रेस र नागरिक उन्मुक्तिबाहेक प्रदेशसभामा माओवादी, एमाले, राप्रपा मिल्दा २२ सदस्य मात्र पुग्छन् । चार सदस्य रहेको (एकीकृत समाजवादी)ले सरकारमा जाने वा नजाने निर्णय अझै गरिसकेको छैन । समाजवादीले पनि सरकारमा जाने निर्णय गरेमा २६ सदस्य पुग्छन् । सरकार गठनमा अन्योल देखिँदा नागरिक उन्मुक्ति पार्टीका साथै डडेलधुराबाट स्वतन्त्र उम्मेदवारी दिएर विजयी हुनुभएको डा तारा जोशीलाई आआफ्नो पक्षमा पार्ने रणनीतिमा दलहरू देखिन्छन् । नेकपा (एमाले)का प्रदेशसभा सदस्य धर्मराज पाठक केन्द्रमा दलका शीर्ष नेतृत्वबीच कुन प्रदेशमा कसको नेतृत्वमा सरकार बनाउने भन्ने विषयमा छलफल चलिरहेकोले त्यसको टुङ्गो लागेपछि प्रदेश सरकार गठनमा देखिएको अन्योल हट्ने बताउनुहुन्छ । "प्रदेशसभाको अहिले देखिएको अङ्क गणितले सरकार गठनमा केही अन्योल त छ नै", उहाँले भन्नुभयो, "केन्द्र सरकार गठनमा नागरिक उन्मुक्तिले बाहिरबाट समर्थन गरेकै छ, प्रदेश तहमा पनि गर्नसक्ने सम्भावना छ ।" प्रदेशसभाका सदस्य एवं कांग्रेसका नेता प्रकाश बमले सरकार गठनको विषयमा कांग्रेसले नागरिक उन्मुक्ति र स्वतन्त्र सदस्यसँग छलफल भइरहेको बताउनुहुन्छ । उहाँले भन्नुभयो, "आजसम्म प्रदेश प्रमुखले सरकार गठनका लागि आह्वान गर्नुभएको छैन, कसको नेतृत्वमा र कुन कुन दलको सरकार गठन हुन्छ भन्ने कुरा नागरिक उन्मुक्ति र स्वतन्त्र सांसदको हात छ ।"

प्रदेशसभामा छ दलको प्रतिनिधित्व

प्रदेशसभा संसदीय दलको नेतामा एमालेका राजेन्द्रसिंह रावल, माओवादीका खगराज भट्ट, नेकपा (एकीकृत समाजवादी) का दीर्घबहादुर सोडारी, र नागरिक उन्मुक्ति पार्टीका रामश्वर चौधरी चयन भइसक्नुभएको छ । कांग्रेसको संसदीय दलको नेता अझै चयन हुन सकेको छैन । कांग्रेसका प्रदेशसभा सदस्य बमले भन्नुभयो, "संसदीय दलको नेता चयन गर्नमा पार्टीको प्रदेश समिति चासो लिनुपर्ने हो, आजसम्म लिएको देखिँदैन ।" कांग्रेस संसदीय दलको नेताको आकाङ्क्षीमा प्रकाशबमबहादुरसिंह थापा, देवानसिंह विष्ट, प्रकाशबहादुर देउवा, कमलबहादुर साह, र मेघराज खड्का देखिनुभएको चर्चा छ । प्रदेशसभाका सबै ३२ निर्वाचन क्षेत्रमा पुरुष उम्मेदवार विजयी हुनुभएको हो । समानुपातिक निर्वाचन प्रणालीतर्फका २१ सिटमध्ये तीन पुरुष र १८ महिला निर्वाचित हुनुभएको हो । निर्वाचित हुने प्रदेशसभामा खस आर्य समुदायका, ४३, दलित समुदायबाट तीन, थारुका पाँच, आदिवासी/जनजाति समुदायबाट दुई जनाको प्रतिनिधित्व भएको छ । प्रदेशसभाको पहिलो कार्यकालमा दुई जनाको प्रतिनिधित्व रहेको कैलाली, कञ्चनपुरका आदिवासी रानाथारु समुदायको प्रतिनिधित्व दोस्रो कार्यकालमा शून्य भएको छ ।

# अन्तराष्ट्रिय समाचार

## काबुलको सैन्य हवाई अयामा आत्मघाती विष्फोट

अफगानिस्तानको राजधानी काबुलको सैन्य हवाई अयामा आत्मघाती विष्फोट भएको छ। तालिबान गृह मन्त्रालयका प्रवक्ताले विष्फोटमा परी केही व्यक्तिको मृत्यु भएको बताएका छन् । प्रवक्ता अब्दुल नफी तकोरले बीबीसीसँग भनेका छन्, 'हाम्रा केही सहयोगीहरु मारिएका छन् र घाइते पनि छन् ।' तर हताहतीको विवरण आउन बाँकी छ। समाचार एजेन्सी एएफपीले तालिबान अधिकारीलाई अद्धृत गर्दै सैन्य हवाई हयाको गेटमा विष्फोट भएको र केही व्यक्तिको मृत्यु भएको उल्लेख गरेको छ । सन् २०२१ मा तालिबान पुनः अफगानिस्तानको सत्तामा पुगेको थियो। त्यतिबेला तालिबान नेताहरुले सुरक्षा अवस्था सुधार्ने बचन दिएका थिए । तर अफगानिस्तानमा बिष्फोटका ठूला घटना भइरहेका छन् । धेरैजसो घटनाको जिम्मा स्लामिक स्टेटले लिएको छ ।

## नयाँ वर्ष मनाउने क्रममा भागदौड, नौ जनाको मृत्यु

युगान्डाको राजधानी कम्पालामा नयाँ वर्षको अवसरमा आयोजित कार्यक्रममा भागदौड हुँदा कम्तीमा नौ जनाको ज्यान गएको छ भने अन्य थुप्रै घाइते भएका छन् । प्रहरीका अनुसार नयाँ वर्षमा राजधानी कम्पालाको एक शपिङ मलमा आयोजित सङ्गीत कार्यक्रममा सहभागी भएका कैयौं किशोरी भागदौडमा घाइते भएका थिए । यो घटना मध्यरातमा भएको थियो । कार्यक्रमका उद्घोषकले उपस्थित व्यक्तिलाई आतिशबाजी गर्न प्रोत्साहित गरेपछि भागदौड भएको थियो । प्रदर्शन सकिएपछि भागदौड भएको पाँच जनाको घटनास्थलमै ज्यान गएको थियो भने अन्य थुप्रै घाइते भएका थिए । अन्य केहीको उपचार का क्रममा ज्यान गएको थियो । कोभिड(१९ को दुई वर्षे प्रतिबन्धपछि विश्वका अन्य देशमा जस्तै युगान्डामा पनि नयाँ वर्षको उत्सव मनाउने क्रममा यो घटना भएको प्रहरीले विज्ञप्तिमा भनेको छ। यसबारेमा अनुसन्धन गरिने प्रहरीले जनाएको छ ।

## कोरोनाको वास्तविक सूचना दिन चीनसँग डब्ल्यूएचओको आग्रह

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले चीनलाई कोरोना महामारी तथा सङ्क्रमण अवस्थाबारेको वास्तविक जानकारी दिन आग्रह गरेको छ । सन् २०१९ मा चीनबाट सुरु भएको कोरोना भाइरसबारे यसअघि पनि पूर्ण जानकारी दिन आनाकानी गरेको भन्दै डब्ल्यूएचओले तथ्याङ्क नलुकाउन भनेको छ । डब्ल्यूएचओले अहिले चीनका अस्पताल भर्ना भएका, सघन उपचारको अवस्था र ज्यान गुमाउनेको यकिन विवरण उपलब्ध गराउन आग्रह गरेको हो । कोरोना रोकथामका विभिन्न प्रतिबन्ध खुकुलो पारेसँगै चीनमा अहिले फेरि कोरोना महामारी बढेको छ। सङ्क्रमण बढ्न थालेको भन्दै डब्ल्यूएचओले चिन्ता समेत व्यक्त गरेको छ। डब्ल्यूएचओले खोपको सहजताका बारेमा नियमित सूचना आदान प्रदान भएमा महामारी रोकथाम गर्न सहज हुने अपेक्षा राखेको छ । अमेरिका, फ्रान्स, स्पेन, दक्षिण कोरिया, भारत, इटली, जापान र ताइवानलगायतका देशले चीनबाट आउने यात्रुका लागि कोराना परीक्षण अनिवार्य गरिसकेका छन् । कोरोनाको तीन वर्ष बित्दा पनि विश्वव्यापी रूपमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको वास्तविक सङ्ख्या अस्पष्ट छ। विश्वव्यापी रूपमा कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको वास्तविक सङ्ख्या अस्पष्ट रहेको छ। विभिन्न देशले भिन्नभिन्न रुपमा मापन गर्ने तथा तथ्याङ्क राख्ने कारण सही मापन गर्न कठिन भएको हो । विज्ञहरूले आधिकारिक रूपमा रिपोर्ट गरिएकोभन्दा धेरैले ज्यान गुमाएको बताउँदै आएका छन् । कोरोनाको पहिलो सङ्क्रमित फेला परेको चीनमा १० लाखभन्दा धेरैको ज्यान गएको अनुमान छ । विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओका अनुसार सन् २०१९ को डिसेम्बरमा चीनमा पहिलो पटक कोरोना भाइरसको पहिचान भएयता अहिलेसम्म ६६ लाख ५० हजारभन्दा धेरैको ज्यान गएको छ । डब्ल्यूएचओका अनुसन्धाताले यसै महिनाको सुरुमा नेचर जर्नलमा सन् २०२० र २०२१ मा कोभिडबाट एक करोड ४८ लाख ३० हजारभन्दा धेरै मानिसको ज्यान गएको उल्लेख गरेका थिए । डब्ल्यूएचओको तथ्याङ्कअनुसार सन् २०२०(२१ मा भारतमा कोभिडका कारण सबैभन्दा बढी ४७ लाख ४० हजार मानिसको ज्यान गएको थियो । 'युनिभर्सिटी अफ जेनेभा'को इन्स्टिच्युट अफ ग्लोबल हेल्थका निर्देशक एन्टोनी फ्लाहाल्टले कोभिडका कारण ज्यान गुमाउने यकिन सङ्ख्या पुष्टि गर्नु निकै कठिन अभ्यास रहेको बताउनुभएको समाचार संस्था एएफपीले जनाएको छ ।

## म्यानमारकी प्रजातन्त्रवादी नेतृ सुकीलाई थप सात वर्षको जेल सजाय

म्यानमारको सैन्य सरकार समर्थित अदालतले प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई थप सात वर्षको जेल सजाय सुनाएको छ। यो सँगै ७७ वर्षकी सुकीको जेल सजाय ३३ वर्ष पुगेको बीबीसीले जनाएको छ । गएको हप्ता संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्ले सुकीलाई रिहा गर्न आग्रह गरेपछि म्यानमारको अदालतले सुकीलाई लगाइएका अन्तिम पाँच आरोपमाथि सुनुवाइ सुरु गरेको थियो । म्यानमारका सहयोगी देशहरु चीन र रुसले समेत भिटो प्रयोग नगरेका कारण सुकीलाई रिहा गर्ने अपेक्षा गरेकोमा थप सात वर्षको सजाय सुनाएको बीबीसीले जनाएको छ। चुनाव जितेकी सुकीको सरकारलाई सेनाले २०२१ को फेब्रुअरीमा अपदस्त गरी सैन्य सरकार गठन गरेको थियो । सरकार अपदस्त भएदेखि नै नजरबन्द र जेलमा रहनुभएकी सुकीमाथि सेनाले १९ वटा आरोप लगाएको थियो । तत्कालीन सरकारका एक मन्त्रीले हेलिकप्टर भाडामा लिँदा नियम पालना नगरेको आरोपमा पनि सुकीलाई भ्रष्टाचारमा दोषी ठहर गरेको छ ।

## नेतान्याहु छैटौं पटक इजरायलको प्रधानमन्त्रीमा निर्वाचित

इजरायलको प्रधानमन्त्रीमा बिन्ज्यामिन नेतान्याहु पुनः निर्वाचित हुनुभएको छ । एक सय २० सदस्यीय संसदमा ६३ जना सांसदको समर्थनमा उहाँ प्रधानमन्त्री बन्नुभएको हो । योसहित ७३ वर्षका नेतान्याहु छैटौं पटक प्रधानमन्त्री बन्नुभएको हो । विगत दुई वर्षदेखि उहाँ सत्ताबाट बाहिर हुनुहुन्थ्यो । प्रधानमन्त्रीको शपथ ग्रहणसँगै प्रधानमन्त्री नेतान्याहुले आफ्नो तीन वटा राष्ट्रिय लक्ष्य रहेको बताउनुभयो ।

पूरै देशमा बुलेट रेल चलाउने, इरानको परमाणु कार्यक्रमलाई रोक्ने र अरब देशहरूलाई सम्झौताको दायरामा ल्याउनु आफ्नो मुख्य प्राथमिकता भएको उहाँले बताउनुभएको छ । यस्तै रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बेन्जामिन नेतान्याहुलाई प्रधानमन्त्रीमा निर्वाचित भएकोमा बधाई दिनुभएको छ । युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले पनि नेतान्याहुलाई बधाई दिनुभएको छ । इजरायले रुस(युक्रेन युद्धमा तटस्थ भूमिका निर्वाह गर्दै आएको छ ।

# गीतकार टेक तामाङको तिमी सागरको म्युजिक भिडियो आयो बजारमा



काठमाडौं । गीतकार टेक तामाङको पछिल्लो नयाँ कोसेली 'तिमी सागर' बोलको म्युजिक भिडियो बजारमा आएको छ ।

कन्काइष्ट राईको सङ्गीत, रामकृष्ण ढकाल र मेलिना राईको स्वर, साहस शाक्यको सङ्गीत संयोजन रहेको गीतमा टेक तामाङ अफिसियल युट्युब च्यानल' बाट सार्वजनिक भएको हो ।

गीतमा जलचक्रको माध्यमबाट हिमाल र सागरको अनवरत मिलन भए जस्तै प्रेम एक अनुभूति हो । जसलाई भौगोलिक दूरीले त्यति फरक पार्दैन भन्ने भाव भूमिमा सृजना भएको छ । प्रेमीले भन्छ 'तिमी सागर, तिमी गहिरिंदैजाऊ, तिमी फैलिदैजाऊ' अनि प्रेमिकाले भन्छे 'तिमी हिमाल, तिमी अग्लिदैजाऊ, तिमी चम्किदैजाऊ' ।

समर्पित भाव बोकेको गीतमा हिमालको रूपमा प्रेमी र सागरको रूपमा प्रेमिकालाई चित्रण गरिएको छ। नदी र बादलको माध्यमबाट हिमाल र सागरको मिलन भए जस्तै दुई प्रेमी बीचको हिमाल र सागरको बिम्बात्मक मिलनलाई यौनिक प्रतिकात्मक मिलनको रूपमा समेत लिन सकिन्छ ।

गीतले भनिएको छ 'हिमाल सागरको मिलनझैं हाम्रो प्रेमको यात्रा, जुगौं जुग बाँचोस् हाम्रो मिलनको अनन्त अनन्त चक्र' ।

गीतकार तामाङको यसअघि 'नजिक भएर पनि, तिमीलाई माया गर्छु, आमा, जीवनसाथी, माया गरेर हेर, मै खुकुरी अघिसरी पछिल्लो कोशेली 'तिमी सागर' सहित आधुनिक, राष्ट्रिय र सेलो गरी ४ सय ५० भन्दा बढी गीत रेकर्डिङ र प्रकाशन भइसकेका छन् ।

नेपाल प्रहरी सेवाको डिआइजी पदमा कार्यरत तामाङले एक हातमा कर्तव्यबोध बन्दुक भएपनि अर्को हातमा कलम बोकेर पनि निरन्तर सिर्जना गरिरहेका छन् ।

एभरेस्ट ग्यालरीको ब्यानरमा बनेको म्युजिक भिडियोमा सनम कठायत र रिचा थापाले अभिनय गरेका छन् । दीपक गिरीले छायाङ्कन, विकास दाहालले भिडियो सम्पादन र जनक सिंहले निर्देशन गरेका हुन् ।

तामाङलाई जन आकाश मिडियको पनि बधाई ।


# रा सु म नेको ३४ औं भर्चुअल सुसेली वाचन कार्यक्रम सम्पन्न

काठमाडौं । कवि कलानिधि दाहालको विशिष्ट आथित्य र गंगा लिगल विशेष अथिती रहेको राष्ट्रिय सुसेली मञ्च नेपालको ३४ सौं कार्यक्रम मञ्चकि उपाध्यक्ष सुशीला ढकाल अधिकारीले स्वागत मन्तव्यबाट सुरु गरि सन्चालन गर्नु भएको थियो ।

२० जना कवि साहित्यकारहरूको उपस्थितिमा संचालित यस कार्यक्रममा विशिष्ट अतिथि कलानिधी दाहालले आज उपस्थित सबै कवि साहित्यकारहरूले सुसेली प्रति समर्पित रहेर आत्मा देखि सुसेली लेख्नु र गाउनु भएकोमा अत्यन्तै खुसी लागेको बताउनु हुँदै आफूले रचना गरेका १० वटा उपदेशात्मक सुसेली गाएर सुनाउनु भएको थियो ।

यसैगरी विशेष अतिथि गंगा लिगलले सुसेली मञ्चलाई शुभकामना दिँदै आफ्नो अधिकारका लागि नारीहरू आफैं जागरुक हुनुपर्ने सन्देशका साथ आफूले रचना गरेका देशप्रेम सम्बन्धि १० सुसेलीहरू वाचन गर्नु भएको थियो । अन्य सुसेली गायन र वाचनमा सहभागी अतिथि कवि सुसेलीकार हरूमा सुमित्रा श्रेष्ठ, आर्त अकुलिन, पवन कुमार बुढाथोकी, उर्मिला पन्त पान्डेय, उत्तम विचार, जानुका थापा रायमाझी, सुरेश चन्द्र घिमिरे, चन्द्रा न्यौपाने, सुचिता काफ्ले, विनुबाबा घिमिरे, अम्बिका अधिकारी, पुनम घिमिरे, घनश्याम पौडेल, चन्द्रा न्यौपाने, कृष्णप्रसाद पौडेल र तारादेवी कार्की घिमिरेले विविध विषयमा सुसेली गाएर सुनाउनु भएको थियो ।

अन्तमा सभापति दुर्गा अधिकारी भ्रमरकोटेले सुसेलीको यो ३४ सौं कार्यक्रममा उपस्थित सहभागी र सहयोगी सबै कवि साहित्यकारहरूमा धन्यवाद ज्ञापन गर्नुका साथै शिरोमणि लेखनाथ जयन्ती, भरखरै समाप्त भएको सुसेली महोत्सव, आगामी साहित्य बाटिकाको कार्यक्रममा सुसेली मञ्चको सहभागिता आदि विषयहरूमा चर्चा गर्दै अंग्रेजी नयाँवर्षको शुभकामना सहित सभा विसर्जन गर्नु भएको थियो ।




# भारतीय नेपाली कथासाहित्यमा हर्कबहादुरको 'रेडियोरिता'

कृति/समीक्षा डा. गोमा देवी शर्मा

सन् 2021 मा मन बल्झिन्छ शीर्षक कविताकृति लिएर नेपाली साहित्य जगतमा झुल्किएका हर्कबहादुर लाम्गादे 'रोहित' युवा पुस्ताका एउटा जाँगरिला सर्जकका रूपमा देखापरेका छन्। उनी मूल रूपमा चारहजारे, मणिपुरका बासिन्दा हुन् र वर्तमान राजधानी दिल्लीमा कार्यरत छन् । रेडियोरिता उनको दोस्रो कृति हो ।

रेडियोरिता सोह्रवटा समसामयिक कथाहरूको सँगालो हो। यो युवा मनका विविध अनुभव, इच्छा, कामना, आकर्षण, प्रेम, वितृष्णा, मिलन, बिछोड, पीडा, बाध्यता, सपना आदि अनुभूतिको एउटा लिखित दस्तावेज हो । यसका जम्मै कथाहरूले समकालीन समाज र परिवेशको उदांगो रूप झल्काएका छन्। शहरिया परिवेशभन्दा आंचलिक-ग्रामीण परिवेश चित्रणमा लेखकको कलम बढी रमाएको पाइन्छ। वर्तमानकालीन सभ्यताको दारुण स्थिति र त्यसमा पिल्सिन बाध्य आर्थिक रूपले विपन्न परिवार वा व्यक्ति, बजारवादले जन्माएको विकृतिको संवाहक बन्दै गइरहेको आधुनिक युवा पीढीको स्थितिले पाठकको मनलाई केही सोच्न बाध्य गराउँछ ॥ जम्मै कथाहरूले केही न केही सन्देश बोकेको पाइन्छ ।

पहिलो कथा नौ महिने पाहुना आजको सभ्यताले जन्माएको सरोगेसी प्रथाको कहालीलाग्दो रूप र आर्थिक अभावको अग्निकुण्डमा पिल्सिन बाध्य एउटी कुमारी आमाको कथा हो । बढदो बजारवादले जन्माएको सरोगेसी जस्तो व्यापारले नारीको कोखलाई पनि बिकाउ बनाएर पसलमा सजिन बाध्य गराए तापनि उभित्रको ममता कहिल्यै बिकाउ बन्न नसकेको कुरालाई कथाले स्पष्ट पार्न खोजेको छ ।

भूल कथाले आजको युवा पिढीमा प्रचलित सस्तो प्रेम र त्यसको दुष्परिणामको सन्देश बोकेको कथा हो।, उच्च लक्ष्यतिर लम्कने प्रेरणा नपाएको युवावर्गको दिग्भ्रमित रूप साथै आफ्नो सन्तानले नाबालिग अवस्थामै बच्चा जन्माउँदा सामाजिक इज्जत जाने डरले नवजातको हत्या गर्नेसम्म दुस्साहस गर्न बाध्य र पञ्चायतमा कुकृत्य उजागर हुँदा दण्डकी भागी बन्नुपरेकी एउटी समाजभिरु आमाको कथा हो। यस कथामा दुई स्कूले जोडिको भूल भए तापनि भूलमा संलग्न युवक र उनको परिवारप्रति कुनै प्रकारको दण्डविधान देखिँदैन । दण्डको भागी केटी र केटीकी आमा मात्रै बनेका छन् । यहाँ लेखकीय न्यायको अदालतमा नीर-क्षीर विवेकको खाँचो देखिन जान्छ । यस कथामा हरेक कृत्यमा नारी दोषी मान्ने परम्परागत पुरुषसत्तात्मक सोच देख्न पाइन्छ ।

लक्ष्मणरेखा एउटा उत्कृष्ट कथा हो भन्न मिल्छ । यसमा माता-पिताको कठोरतम अनुशासनमा बाल-बच्चाको सोच्ने-बुझ्ने क्षमताको विकास हुन सक्दैन भन्ने कुरालाई दर्शाउन खोजिएको छ। सख्त मिजासका शंकर ओझाले बढदी छोरीको भावनालाई बुझ्न न सक्नु, सन्तानको क्षमताभन्दा उच्च अपेक्षा राख्नु, छोरीले अलि जान्ने बुझ्ने भएपछि बाउको अनुशासनको साम्राज्यलाई लात हानेर त्यसबाट स्वतन्त्र हुन खोज्ने घटनाले कठोर अनुशासनमा आफ्ना सन्तानलाई राख्न खोज्ने आमा-बाबुलाई एउटा सन्देश दिएको छ ।

डिस्को गर्ल बढदो भोगवादको चपेटमा परेकी रिया नामकी एउटी सुन्दर युवतीको बिकाउ मांसल सुन्दरता र त्यस सौन्दर्यको बजारमा प्रेमको न्यानो खोज्ने दिनेश नामक युवाको कथा हो। आजको बजारवादले नारी सौन्दर्यको दुरुपयोग गरेको, सौन्दर्य प्रदर्शन र त्यसको पार्श्वमा एक-एक पैसाका लागि पिल्सिंदै गरेको युवा जीवनको दयनीय स्थितिको यथार्थलाई पाठकसामु ल्याउन खोजेको छ । दिनेश नामक पात्र एउटा सन्तुलित विचार बोकेको युवा हो । उसले रियालाई निस्वार्थ मन पराउँछ । रिया कुनै बाध्यताले दैहिक व्यापारमा संलग्न भए तापनि दिनेशले उसलाई चोखो नजरले हेरेको र लेखकले दिनेश पात्रको माध्यमबाट आफ्नो व्यापक विचारधाराको परिचय दिएका छन्। यसमा आफ्नो हृदयको तराजुमा नारी पुरुषको गुण दोषलाई सन्तुलित रूपमा जोख्ने क्रममा युवा दिनेशको अन्तर्द्वन्द्व चित्रण अत्यन्त प्रेरक र अनुकरणीय बनेको छ । दुई किनार लव जिहादको अपवादमा उभिएको कथा हो । यसमा हिन्दु केटी र मुसलमान केटामाझ प्रेम-प्रीतिको कथा बुनिएको छ । यसमा धार्मिक दंगाको भयावह रूप र यसमा मानव नै मर्नु पर्ने र जुन धर्मावलम्बी मरे पनि रातै रगत बगेको तथ्यले घृणाको विरोध, मानव महत्व र धार्मिक एकताको सन्देश दिन खोजिएको छ ।

हग एउटा राम्रो कथा हो । नया सभ्यतासँगै युवा पिढीमा आज विभिन्न पश्चिमे परम्पराहरूले जन्म लिएको देखिन्छ । नमस्ते गरेर कसैको स्वागत वा कृतज्ञता ज्ञापन गर्नुभन्दा सीधै अंकमाल गर्नपुग्ने युवा वर्गको यस शैलीलाई अग्रज पिढीले सहजै पचाउन सक्दैन र अग्रज पिढीले यसलाई गलत भनेर दलिल दिएको देखिन्छ । हगलाई पुरानो पिढीले प्रेमको अन्तिम सोपान मान्छ भने युवा पिढीले मात्रै कृतज्ञता वा आभार जताउने सहज क्रियाको रूपमा लिन्छ । यो कथा पिढीको अन्तराल वा जेनेरेशन ग्यापको राम्रो उदाहरण बनेको छ । अंजनाले केही प्रोजेक्ट पूरा गर्न सहयोग पुऱ्याएकोमा भुवनलाई सार्वजनिक ठाउँमा हग गरेर धन्यवाद जताउने क्रियालाई उसको दाजुले देख्नु र त्यसको विरूद्ध भुवनमाथि आक्रमण गरेर घाइते पार्नु, अंजनालाई पनि दण्डित गर्नु यस कथाको मूल कथ्य हो । मालती साइँली कोरोनाले भित्र्याएका समस्या र त्यसको विभिषिकामा परेको एउटा परिवारको मार्मिक कथा हो । यो कथा कोरोनाकालीन कहालीलाग्दो स्थितिलाई युगौंसम्म पाठकसामु प्रष्ट पार्न सक्षम बनेको देखिन्छ । मेरो के दोष थियो कथाले मर्यादाहीन र दायित्वहीन अभिभावक र उनीहरूको दायित्वहीनता को दण्ड सन्तानले भोग्नुपर्ने तथ्यलाई दर्शाउने कथा हो। जँड्याहा पिताको अत्यचार खप्न नसकेर आमाले विष खाएर आत्महत्या गर्नु, दिशाहीन छोरीले नाबालिग अवस्थामै भागी बिहा गर्नु, सोह्र वर्षे उमेरमा गर्भिणी हुनु, कलिलो उमेरमा जँड्याहा पतिको अत्याचार सहन नसकेर कोखको बच्चासँगै आत्महत्याको बाटो रोज्न पुग्नु यस कथाको मार्मिक पक्ष हो। यसमा पुरुषको कर्तव्यहीनताले जन्माएका पिढीगत विकृतिहरूको राम्रो चित्रण भएको छ । डि-पेपर बेमेल विवाहले उप्जाएका समस्याहरूको दस्तावेज हो । यस कथामा पनि कथाकारले आफ्नो व्यापक विचारधाराको परिचय दिएका छन् । यस कथाकी नायिकाले मन नमिल्ने करोडपति पतिको ठाउँमा मन र उमेर मिल्ने साधारण प्रेमीसँगको जिन्दगी रोजेको पाइन्छ । यसमा धनभन्दा मन मिल्ने साथी नै जीवनको आधार हो भन्ने कुरालाई दर्शाउन खोजिएको छ । समाजले युगौंदेखि नारी मानवाधिकार कुल्चिंदै आएको छ । विवाहको सम्बन्धमा केटीका माता-पिता वा अभिभावकले निर्णय लिने चलन छ । केटीलाई उसको इच्छा सोधिंदैन र माता-पितालाई केटो मन परेमा छोरीको विवाह गरिदिएका उदाहरण प्रशस्त देखिएका छन् । यस अवस्थामा कतिपय युवतीहरूको जिन्दगी नर्क बनेको, कतिले आफ्नो भाग्यको खेल सम्झी सबै अन्याय र अत्याचार सहन गरेको र कतिले असमय आत्महत्या गरेको पनि देखिन्छ । यस कथाकी नायिका बेमेल विवाहको विरोधमा उभिएकी मात्रै नभएर आफुलाई असाध्यै मन पराउने प्रेमीसँग विवाह गरेर आफ्नो मानवअधिकारको रक्षा गर्ने युवतीको रूपमा उभिएकी छिन् । उनले आफ्नो विवाहित पतिलाई डिभोर्स पेपर पठाएर आफ्नो प्रगतिशील विचारको परिचय दिन्छिन् । यस कथाले दूरगामी सन्देश बोकेको देखिन्छ ।

मुसलधार पानीमा युवा मांसल आकर्षणबाट उप्जिएको फिल्मी पाराको प्रेमकथा हो भने रेडियोरिता रेडियो प्रेमको अनौठो दस्तावेज हो। यो आजको इन्टरनेट र स्मार्ट फोनको दुनियाभन्दा अलि अघिको देशकाल बुझाउने कथा हो। यसले त्यो समयको युवा पिढीमा रेडियोको कति मोह थियो भन्ने जानकारी आजको पाठकलाई दिन्छ। यसमा रेडियोको अनन्य प्रेम साथै कार्गिल युद्धमा शहीद हुनपुग्ने सैनिककी विधवा पत्नीको मानसिक दशाको मार्मिक चित्रण भएको छ । भावनाको भेलमा कोरिएका शब्दभित्र प्रेमको नाममा केटी फँसाएर अप्ठ्यारामा पारी धोका दिने पुरुष र धोकाको रापमा पिल्सिएर आफ्नो जीवन समाप्त गर्ने युवतीको कथा हो। यस्ता घटनाहरू आज हामी यत्र-तत्र देख्न पाइरहेका छौं । सेतो सारीमा रातो रंग आंचलिकताको पृष्ठभूमिमा रचिएको युवा मनको प्रेमानभूति र मांसल बाँकी ६ पृष्ठमा

# माघको दोस्रो हप्ताबाट नेपालमा नयाँ गाडी आउने

काठमाडौं । सरकारले पुस १ गतेबाट गाडी माथि लगाएको आयात प्रतिबन्ध फुकुवा गरेको भएपनि नयाँ मोडलहरुको आयात भने माघको दोस्रो साताबाट मात्रै सुरु हुने भएको छ ।

मुख्यत पुसमा एलसी खोल्दा २०२२ डिसेम्बर महिनाको उत्पादन नै ल्याउनु पर्ने भएकाले अधिकांश कम्पनीले २०२३ का मोडल ल्याउन जनवरीको मध्यमा एलसी खोज्न आँटेका हुन् । यसरी खोलेको एलसीका गाडी फेब्रुअरी लागेपछि नेपाल आउने छन् ।

सरकारले एलसी खुल्ला गरेको १९ दिन भएपनि अहिलेसम्म खासै एलसी खोल्न व्यवसायीले जाँगर देखाएका छैनन् । विभिन्न बैंकका कर्जा विभाग प्रमुखहरुसँग कुरा गर्दा अधिकांश व्यवसायीले एलसी खोल्न आवश्यक छलफल गरेपनि प्रक्रिया पुरा गरेका छैनन् ।



'एलसी खोल्ने प्रक्रिया सुरु भएको छ । फाइनल एलसी दिइसकेको अवस्था छैन । जनवरी १० पछि धेरै एलसी जाने देखिन्छ', एक बैंकर्सले भने । गाडी विक्रेता पनि पर्ख र हेरको अवस्थामा छन् । निसानको आधिकारीक विक्रेता पायोनियर मोटोकर्पका डिजीएम ज्ञानेन्द्र चन्द भन्छन्, 'एलसी खोल्न हातारिएका छैनौं । नयाँ वर्ष लागेपछि नयाँ सालमा नै उत्पादन भएको गाडी खोज्ने ग्राहक आउँछन् । अहिले ल्याउँदा पुरानो गाडी भयो भन्छन् । त्यसैले एलसी खोल्ने प्रक्रिया मात्रै सुरु गरेका छौं । खोलिसकेका छैनौं ।'

हुन्डाई, टाटा, महिन्द्रा लगायतका कम्पनीले थोरै गाडीको एलसी खोलेर गाडी मगाएको कम्पनी स्रोतले जानकारी दियो । उनिहरुले आफ्नो चल्तीका केही मोडल ल्याएर सुरुमा विक्री गर्ने योजना बनाएका हुन् । यी बाहेक नयाँ गाडी ल्याउने चरणमा रहेका एमजी, स्कोडा, जीप, सिट्रोन, मारुती सुजुकी लगायतका ब्राण्डले पनि एलसी खोल्ने तयारी अन्तिम चरणमा रहेको जानकारी दिएका छन् ।

# महिन्द्राको हटकेक एसयूभी, यही महिना नेपालमा विक्री सुरु हुँदै

काठमाडौं । महिन्द्राको एसयूभी क्रेजलाई परिवर्तन गर्ने एसयूभीको रुपमा अघिल्लो वर्ष भारतमा विक्री सुरु भएको एक्सयूभी ७०० नेपाल आउने भएको छ । कम्पनीको चर्चित एसयूभी आयात प्रतिबन्धको कारण नेपाल आउन पाएको थिएन । भारतमा बुकिङको मामलामा रेकर्ड कायम गरेको एक्सयूभी ७०० कै कारण महिन्द्राले अहिलेसम्मकै धेरै गाडी सन् २०२२ मा विक्री गर्न सफल भएको हो । निकै प्रिमियम फिचर र बोल्ड डिजाइनमा बजारमा आएको एक्सयूभी ७०० डिजेल र पेट्रोल दुबै इन्जिनमा उपलब्ध रहेको छ ।

'आयात प्रतिबन्धको कारण नेपाल ल्याउन नपाइएको एक्स्यूभी ७०० चाँडै नेपाल आउने छ । संभवत आयात प्रतिबन्ध फुकुवा भएपछि महिन्द्राको



पहिलो नेपाल आउने मोडल एक्सयूभी ७०० नै हो । यसलाई यही जनवरी महिनामा नेपालमा विक्री सुरु गर्ने योजना बनेको छ', अग्नी इनकर्पोरेट स्रोतले मेरोअटोसँग भन्यो । महिन्द्रा एक्सयूभी ७०० ले 'ग्लोवल एनक्यापको सेफर च्वाइस अवार्ड' २०२२ जित्न सफल भएको थियो । ग्लोबल एनक्यापले निर्धारण गरेको ६६ अंकमा ५७.६९ अंकसहित महिन्द्रा एक्सयूभी ७०० ले सेफर च्वाइस अवार्ड जितेको हो । अहिल्यै महिन्द्राले एक्सयूभीलाई कति भेरियन्टमा र कुन मूल्य राखेर ल्याउँछ भन्ने एकिन भएको छैन । तर, भारतमा ५ र ७ सिट क्षमतामा विक्री भइरहेको एक्सयूभी ७०० निकै पावर फुल २.२ लिटर टर्बो डिजेल र २.० लिटर टर्बो पेट्रोल इन्जिनमा उपलब्ध हुनेछ । नेपालमा त महिन्द्राको पहिलो ठूलो साइजको पेट्रोल एसयूभीको रुपमा एक्सयूभी ७०० आउने छ । यसमा रहेको टर्बो पेट्रोल इन्जिनले २०० पीएस र डिजेल इन्जिनले १८५ पीएस पावर प्रदान गर्नेछ । डिजेल इन्जिनको टर्क ४५० एनएम छ भने, पेट्रोल इन्जिनको ३८० एनएम प्रदान गर्छ । एक्सयूभी ७०० को सुरुवाती भेरियन्टमा ७ इन्चको इन्ट्रुमेन्ट क्लष्टर र ८ इन्चको इन्फोटेन्टमेन्ट सिस्टम पाउन सकिन्छ । तर, टप स्पेकमा १०.२५ इन्चको इन्फोटेन्टमेन्ट सिस्टम रहेको छ । यसमा एड्रोनएक्स कनेक्ट सिस्टममा ६० वटाभन्दा धेरै कनेक्ट फिचर रहेका छन् । ६ वटासम्म स्पीकर, एलइडी डेटाइम रनिङ लाइट, १८ इन्चको अलोय ह्वील र सनरुफले यो गाडीलाई लोभलाग्दो बनाएको छ ।

# बजाज, टीभीएस र हिरोको इलेक्ट्रिक स्कुटर नेपालमा ल्याउदै

इलेक्ट्रिक स्कुटरको माग बजारमा खासै वृद्धि हुन नसकेपनि पछिल्ला दिनहरुमा नयाँनयाँ ब्रान्डहरु आउने क्रम भने रोकिएको छैन । नेपाली बजारमा अहिले चीनबाट सवैभन्दा बढी ब्रान्डमा यस्ता स्कुटर आयात भएका छन् भने भारतबाट पनि उल्लेख्य ब्रान्ड भित्रिइरहेका छन् । बजारमा अहिले तीन दर्जन वढी ब्रान्डका इलेक्ट्रिक स्कुटर बिक्रीका लागि उपलव्ध छन् ।

सन् २०२१ को तुलनामा २०२२ मा इलेक्ट्रिक स्कुटर तथा




मोटरसाइकलको आयात ३ गुणाले वृद्धि भएको छ । सन् २०२१ मा करिव २ हजार २ सय युनिट इलेक्ट्रिक दुई पांग्रे सवारी साधन आयात भएकोमा २०२२ मा करिव ६ हजार ८ सय युनिट यस्ता सवारी साधन आयात भएका छन् ।

हाल नेपाली बजारमा धेरै दुई पांग्रे सवारी साधन बिक्री गर्दै आएका बजाज, होन्डा, टीभीएस, यामाहा र हिरो आदि ब्रान्डले भने दुई पांग्रे इलेक्ट्रिक सवारी साधन बिक्री गर्दैनन् । यो वर्ष भने बजाज, टीभीएस र हिरोले इलेक्ट्रिक स्कुटर बिक्री गर्ने तयारी गरिरहेका छन् ।

नेपालमा उपलब्ध सवैजसो भारतीय ब्रान्डका इलेक्ट्रिक स्कुटर स्टार्ट अप कम्पनीका उत्पादन भएका कारण हालसम्म पनि यी परीक्षणकै क्रममा रहेका मान्न सकिन्छ । यस्तोमा स्थापित ब्रान्डको छवि वनाएका बजाज, टीभीएस र हिरोजस्ता ब्रान्डले समेत इलेक्ट्रिक स्कुटर निर्माण गरी विक्री गर्न शुरु गरिसके पनि यी ब्रान्डले आफ्नो उत्पादनलाई हतारमा नेपाल पठाउने अवस्था देखिएको छैन । उनीहरुले नेपालमा परीक्षण गरेरमात्र विक्री थाल्ने रणनीति लिएका छन् ।

भारतमा अहिले बजाजले चेतक ब्रान्डमा इलेक्ट्रिक स्कुटर उत्पादन गरिरहेको छ । भारतीय बजारमा राम्रो प्रतिक्रिया पाइरहेको यो स्कुटरलाई नेपालमा समेत उपलब्ध गराउन कम्पनी सकारात्मक देखिएको छ । यो स्कुटर सम्भवत: यसै वर्षदेखि नेपालमा बिक्री हुनेछ ।

चेतक ३.८ किलोवाटको इलेक्ट्रिक मोटर र ३ किलोवाट आवरको लिथियम आयोन ब्याट्री जडान भएको स्कुटर हो । यो स्कुटरको पावर ५.१ पीएस र टर्क १६ एनएम रहेको छ । ५ घण्टामा सामान्य प्लगबाट फुल चार्ज गर्न सकिने यो स्कुटरले ८५ देखि ९० किलोमिटर रेन्ज प्रदान गर्ने दावी गरिएको छ ।

गोलाकार हेडल्याम्पमा निकै नै आकर्षक देखिने यसमा एलईडी डीआरएल दिइएको छ । यसैगरी डिजिटल इन्स्ट्रयुमेन्ट क्लस्टर समेत गोलाकार नै रहेको छ । स्कुटरमा ब्लुटुथ कनेक्टिभिटी र टर्न वाइ टर्न नेभिगेसन जस्ता फिचर उपलब्ध छ ।

नेपाली बजारमा परीक्षण भैरहेको टीभीएस आइक्युबको बिक्री अवको केही समयपछि शुरु हुने अनुमान गरिएको छ । यो स्कुटरमा ४.४ किलोवाट क्षमताको मोटर जडान गरिएको छ । स्कुटरलाई एकपटक फुल चार्ज गरेपछि १४० किलोमिटरसम्म रेन्ज पाउन सकने दावी गरिएको छ ।

तीन भेरिएन्टमा उपलब्ध यसको वेस भेरिएन्टमा ५ इन्चको कलर टीएफटी डिस्प्ले र स्मार्ट कनेन्ट फिचर उपलब्ध गराइएको छ । त्यस्तै मिड भेरिएन्टमा ७ इन्चको डिस्प्ले र टप भेरिएन्टमा टचस्क्रिन डिस्प्ले रहेको छ । यसलाई ८० किलोमिटर प्रतिघन्टा सम्मको उच्च गतिमा हाँक्न सकिन्छ ।

भारतको सवैभन्दा ठूलो टु ह्विलर उत्पादक हिरोले भीडा ब्रान्डमा इलेक्ट्रिक स्कुटर उत्पादन गर्दै आइरहेको छ । भारतमा केही दिनअघिबाट ग्राहकलाई हस्तान्तरण गर्न थालिएको यो स्कुटर पनि अवको केही समयपछि नेपाल आउन सक्ने देखिएको छ । यो स्कुटर भी १ प्लस र भी १ प्रो भेरिएन्ट गरी दुई भेरिएन्टमा उपलब्ध रहँदै आएको छ ।

दुवै भेरिएन्टमा हिरोले फरक फरक साइजको व्याट्री प्याक दिएको छ । यसको भी१ भेरिएन्टमा ३.९४ किलोवाट आवर र भी१ प्लसमा ३.४४ किलोवाट आवरको व्याट्री प्याक जडान गरिएको छ । यो स्कुटरले एक पटकको फुल चार्जमा १६५ किलोमिटरसम्म रेन्ज दिने कम्पनीले दावी गरेको छ ।

यो स्कुटरमा ७ इन्चको टचस्क्रिन इन्फोटेनमेन्ट सिस्टम क्रुज कन्ट्रोल, एसओएस अलर्ट, टु-वे थ्रोटल र किलेस कन्ट्रोललगायत अन्य धेरै सुविधाहरू उपलब्ध छन् ।

आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौं । गर्नै परेमा भेन्टिलेसन खुला राखौं ।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधानसम्पादक : मोहन कार्की, सम्पादक : ईन्दिरा धमला, ९८६१५८८४५६, ९८६९५२८१०८ ,कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस